सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० फागुन २०७९, शनिबार (4 March 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३१४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

झ नयाँ



टर्निङ पोइन्ट

...अनि राउत होमिए विद्रोहमा

यस्ता चार घुम्ती, जसले सिके राउतलाई क्याम्ब्रिज हुँदै सदनसम्म ल्यायो

● अनिल यादव

सहरभित्रै छ 'छाउघर'



समाज

'छोरा मान्छेको दाह्रीजुँगा आउँदा चर्चा गर्ने, तर छोरी मान्छे महिनावारी हुँदा चुपचाप बस्नुपर्ने प्रचलन नै लैंगिक असमानताको एउटा चित्र हो ।'

● संगीता पनेरू

महत्त्वपूर्ण विभागहरूमा प्रशासनिक अस्थिरता

कतिपय विभागका महानिर्देशकको महिना दिन नबित्दै सरुवा, कर्मचारी र राजनीतिक नेतृत्वको स्वार्थमा भइरहेको प्रशासनिक अस्थिरताले सेवाप्रवाह र विभागको निर्णय प्रक्रियामा समेत असर

सुवास भट्ट/नयाँ पत्रिका

महत्त्वपूर्ण विभाग प्रशासनिक रूपमा अस्थिर बन्दै गएका छन् । कतिपय विभागमा महानिर्देशक महिना दिन नबित्दै सरुवा भएका छन् । कर्मचारी र राजनीतिक नेतृत्वको स्वार्थमा भइरहेको प्रशासनिक अस्थिरताले सेवाप्रवाह र निर्णय प्रक्रियामा समेत असर परिरहेको छ ।

यातायात व्यवस्था विभागमा पछिल्लोपटक महानिर्देशक बनेर आएका तुलसीनाथ गौतम १९ दिनमै बाहिरिएका छन् । गत २५ माघमा महानिर्देशक बनेर विभागमा हाजिर भएका उनलाई आइतबार सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सरुवा गरेको छ । विभागमा यही वर्ष चारजना महानिर्देशक फेरिएका छन् । अब आउने महानिर्देशक पाँचौं हुनेछन् ।

गौतमभन्दा अघि डा. टोकराज पाण्डे २० भदौदेखि २४ माघसम्म कार्यरत थिए । त्यसअघि सुरेश राउत २० असारदेखि २० भदौसम्म महानिर्देशक रहे । राउतअघि नमराज घिमिरे २ चैत ०७७ देखि गत १९ असारसम्म कार्यरत थिए । नयाँ महानिर्देशकबारे सरकारले निर्णय गरिसकेको छैन । सवारीचालक अनुमतिपत्र (लाइसेन्स) वितरण र सवारी व्यवस्थापनजस्ता महत्त्वपूर्ण जिम्मेवारी बोकेको विभागको यस्तो प्रशासनिक अस्थिरताले सेवाप्रवाहमै असर पुऱ्याएको छ ।

गृह मन्त्रालयअन्तर्गतको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग स्थापना भएयता १६ महिनामा ६ जना महानिर्देशक फेरिइसकेका छन् । गृह मन्त्रालयको गत सोमबारको निर्णयबाट फणीन्द्रमणि पोखरेललाई महानिर्देशकको जिम्मेवारी दिएको छ । उनीअघिका महानिर्देशक प्रेमप्रसाद भट्टराईलाई सरकारले हालै मधेस प्रदेशको

» पृष्ठ २ मा क्रमशः





● रामकुमार आचार्य, पूर्वसचिव

नेपालमा राजनीतिकर्मी र कर्मचारीबीचको द्वन्द्वले चाँडो-चाँडो सरुवा हुन्छ

राजनीतिकर्मी र कर्मचारीबीचको द्वन्द्व सबैतिर छ । नेपालजस्ता देशमा यस्तो समस्या झन् गहिरो हुन्छ । यहाँ राजनीतिज्ञमा कर्मचारी दास हुन् भन्ने सोच छ । कर्मचारी पनि आफूसँग ज्ञान, सूचना, औजार र कार्यान्वयन गर्ने क्षमता छ भन्छ । राजनीतिज्ञको सोच कार्यान्वयन गर्ने दायित्व आफ्नो ठान्छ । जब राजनीतिज्ञले स्वार्थ राख्छ, कर्मचारीले मान्दैन । उसले कानुन, विधि र प्रक्रिया पनि अपनाउनुपर्ने हुन्छ । नमानेपछि उसको सरुवा हुन्छ ।



● पूर्णचन्द्र भट्टराई, पूर्वसचिव

स्थायित्व चाहने हो भने प्रशासनिक नेतृत्व पनि दह्रो हुनुपर्छ

अस्थिरताका प्रकृति फरक छन् । केही विभागको काम धेरै जटिल भएर गएको छ । त्यहाँ सेवाप्रवाहको चाप र उल्झन पनि छ । त्यसमा कसैले पनि हात हाल्न चाहँदैन । स्रोत-साधन नहुने, काम गर्ने सहज पनि नहुने भएपछि नटिक्नु स्वाभाविक पनि देखिन्छ । केही विभागमा असाध्यै धेरै जिम्मेवारी छ । तर, राजनीतिक कारणले काम गर्न गाह्रो छ । त्यसको स्वायत्तता कमजोर छ । पठाउने र हटाउने दुवै कुरामा स्वार्थ राखिन्छन् । अर्कातिर कर्मचारीतन्त्र पनि कमजोर भयो । यसमा कसैलाई दोष दिने होइन । स्थायित्व चाहने हो भने प्रशासनिक नेतृत्व पनि दह्रो हुनुपर्छ ।

■ हाकिम नटिक्दा यातायात व्यवस्था विभागको काम लथालिंग

नयाँ मन्त्री आएपछि दुई महानिर्देशक फेरिए



भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले ११ पुस ०७९ मा मन्त्रालयको कार्यभार सम्हालेयता मात्रै विभागमा दुईजना महानिर्देशक परिवर्तन भइसकेका छन् । काममा सहयोग नगरेको भन्दै मन्त्रीले महानिर्देशक फेर्ने गरेको कर्मचारीहरूको आरोप छ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

६ वर्षयता करिब ६ लाख ५० हजार सेवाग्राहीले ट्रायल पास भए पनि 'स्मार्ट लाइसेन्स' पाएका छैनन्, सार्वजनिक यातायातको चर्को भाडाले यात्रु मारमा छन् । संघीय राजधानीकै सडकमा २० वर्ष पुराना गाडी धुँवा फ्याँक्दै निर्वाध कुदिरहेका छन् । तर, यो सबै नियमन गर्ने निकाय यातायात व्यवस्था विभागका महानिर्देशकलाई भने समस्या समाधान गर्नेभन्दा पनि पदमा कसरी टिक्ने भन्ने चिन्ता हुन्छ । चाँडो-चाँडो 'हाकिम' परिवर्तन हुँदा विभागको काम नै लथालिंग भएको छ ।

विभागले अहिले सवारीसाधन दुर्घटनासम्बन्धी तथ्यांक संकलन, सवारीसाधन संख्या अद्यावधिक, प्रदूषण चेकजाँच गर्न छाडेको छ । विभागका पूर्वमहानिर्देशक तुलसी गौतमले कार्यालय प्रमुख नटिक्दा कार्य सम्पादनमा समस्या हुने बताए । 'कार्यालय प्रमुखलाई योजनाबद्ध रूपमा काम गर्न समय चाहिन्छ, तुरुन्तै केही हुँदैन, तर छिटो-छिटो सरुवा हुँदा कार्य सम्पादनमा असर पर्छ,' उनले भने ।

विभागका अर्का पूर्वमहानिर्देशक टोकराज पाण्डेले प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन भइसकेकाले विभागमा के गर्ने, के नगर्ने अन्योलसमेत रहेको बताए । 'विभागको अधिकार प्रदेशमा सरेको छ, कानुनले नै सबै जिम्मा प्रदेशलाई देखाएर उम्कन सजिलो पारिदिएको छ,' उनले भने ।

सवारीचालक अनुमतिपत्र छपाइ र वितरण, सार्वजनिक यातायातका साधन व्यवस्थापन, भाडादर समायोजन, सवारीसाधन अनुगमन, प्रदूषण चेकजाँच, रुट र दुर्घटनाको तथ्यांक संकलनलगायतका कार्य विभागको

» पृष्ठ २ मा क्रमशः

संक्रमणकालीन न्यायप्रक्रिया टुंग्याउने सरकारको प्रतिबद्धता

काठमाडौं/ सरकारले विस्तृत शान्तिसम्झौता, सर्वोच्च अदालतका फैसला, पीडितहरूको भावना समेटेर संक्रमणकालीन न्यायप्रक्रिया टुंग्याउने प्रतिबद्धता जनाएको छ । जेनेभास्थित संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद् बैठकमा तथा उच्चस्तरीय भेटवार्तामा प्रधानमन्त्रीका शान्ति तथा मानव अधिकारसम्बन्धी सल्लाहकार गोविन्दप्रसाद कोइरालाले नेपालको प्रतिबद्धता सुनाएका हुन् ।

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

स्ववियु निर्वाचनका लागि विद्यार्थी संगठनले गरे नाम दर्ता

आइतबार अन्तिम नामावली प्रकाशन

नयाँ पत्रिका

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को आगामी ५ चैतमा हुने निर्वाचनका लागि शुक्रबार त्रिविका विभिन्न क्याम्पसमा संघ-संगठनले आ-आफ्नो नाम दर्ता गराएका छन् । देशभरका ६२ वटा आंगिक र अन्य सम्बन्धनप्राप्त क्याम्पसमा दुई सय ५४ नाम दर्ता भएका हुन् ।

जसमध्ये सबैभन्दा बढी ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्जमा संघ-संगठन र समूह गरी ३५ वटा दर्ता भएका छन् । रत्नराज्यलक्ष्मी क्याम्पसमा १७ वटा संघ-संगठनले नाम दर्ता गराएका छन् । जसमा नेपाल विद्यार्थी संघ, अखिल क्रान्तिकारी, अनेरास्ववियु क्रान्तिकारी, राष्ट्रिय प्रजातन्त्र विद्यार्थी संगठन, अखिल क्रान्तिकारी विप्लव, समाजवादी विद्यार्थी युनियन, स्वतन्त्र विद्यार्थी सञ्जाललगायत छन् । स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिले हरेक क्याम्पसमा नाम गर्दा गराउन सकिने व्यवस्था गरेको छ ।

स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्यसचिव पशुपति अधिकारीका अनुसार सबैजसो क्याम्पसमा नाम दर्ता सकिएको छ । कृषि क्याम्पस लमजुङमा भने आइतबार नाम दर्ताको समय तोकिएको छ । उनका अनुसार नाम दर्ताको अन्तिम नामावली प्रकाशन आइतबार साँझ हुनेछ ।

२१ फागुनमा मतदाता सूची प्रकाशन गर्ने र २७ फागुनमा उम्मेदवारी दिने मिति छ । सो दिन बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म प्रत्यक्ष

» पृष्ठ २ मा क्रमशः

नेपाल दूरसंचार प्राधिकरण
NEPAL TELECOMMUNICATIONS AUTHORITY
25th Anniversary 2079 B.S.

२५औं वार्षिकोत्सव


नेपाल दूरसञ्चार प्राधिकरणको
रजत जयन्तीको अवसरमा हार्दिक बधाई
तथा शुभकामना व्यक्त गर्दछौं।

Ncell

■ दमकमा साढे २० करोडको परियोजनाको बिजोग

दैनिक १२०० परिवारलाई खाना पकाउन मिल्ने बायोग्यास सात महिनादेखि बालेर उडाइँदै





दमक- ३ मा फोहोरबाट ग्यास उत्पादन गर्न जडान गरिएको ग्यास प्लान्ट (बायाँ) र ग्यास प्लान्टबाट उत्पादन भएको ग्यास प्रयोगमा नआएपछि बालेर खेर फालिँदै । सरकार र विश्व बैंकको २०-२० प्रतिशत अनुदानमा कुल साढे २० करोड लागतमा फोहोरबाट बायोग्यास उत्पादन थालियो । तर, न पाइपलाइन विस्तार गरियो न त सिलिन्डरमा ग्यास भरेर बिक्री गर्ने सम्झौता कार्यान्वयन भयो । दैनिक ६०० केजी ग्यास र १० हजार केजी प्रांगारिक मल खेर गइरहेको छ ।

■ सिलिन्डरमा ग्यास भरेर बेच्ने सम्झौताबाट पछि हट्यो कम्पनी

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमकमा साढे २० करोड लागतको परियोजना सञ्चालनमा ल्याएर फोहोरबाट दैनिक ६ सय किलोग्राम बायोग्यास उत्पादन थालिएको सात महिना

» पृष्ठ २ मा क्रमशः

■ दमकका मेयर रामकुमार थापा भन्छन्-

ग्यास प्रयोगमा ल्याउने जिम्मा कम्पनीकै हो



दमक नगरपालिकाका मेयर रामकुमार थापा भने फोहोरबाट उत्पादन भएको ग्यासलाई प्रयोगमा ल्याउने सम्पूर्ण जिम्मा कम्पनीको रहेको बताउँछन् । २० वर्षसम्म सञ्चालनको जिम्मा लिएको नेक्स्टइरा इनर्जी प्रालि र रोहन ट्रेडर्स जेभीले ग्यास प्रयोगमा ल्याउनुपर्ने उनको भनाइ छ । 'ग्यास किन प्रयोगमा आएन उहाँहरूले नै जान्नुपर्ने कुरा हो, उहाँहरूकै जिम्मामा छ । नाफा-घाटा भनेको उहाँहरूकै कुरा हो । हामीले गरेर उहाँहरूले नाफा कमाउने त होइन नि !' मेयर थापाले भने ।

महत्त्वपूर्ण...

पृष्ठ १ बाट क्रमशः

अर्थसचिवमा सरुवा गरेको छ। उनी गत १६ असोजमा सरुवा भएर विभाग आएका थिए। त्यसअघि सन्तबहादुर सुनार २० चैत ०७८ देखि १६ असोज ०७९ सम्म, बन्धुप्रसाद बास्तोला १ माघदेखि २० चैत ०७८ सम्म, रमेश ढकाल ६ मंसिरदेखि १ माघ ०७८ सम्म र सुनील खनाल ७ कात्तिकदेखि ६ मंसिर ०७८ सम्म विभागको महानिर्देशक थिए। यो विभागले अदालतबाट दोषी ठहर भएका अन्य व्यक्तिको पनि चल-अचल सम्पत्ति सरकारको नाममा ल्याउने काम गर्छ।

भन्सार विभागमा पनि पछिल्लो दुई वर्षमा पाँचजना महानिर्देशक फेरिएका छन्। हाल विभागको महानिर्देशकमा चक्रबहादुर बुढा छन्। त्यसअघि कमलप्रसाद भट्टराई २ फागुन ०७८ देखि गत २६ मंसिरसम्म महानिर्देशक थिए। त्यसअघि नारायणप्रसाद सापकोटा ३ भदौ ०७८ देखि २ फागुनसम्म कार्यरत थिए। सापकोटाअघि विभागको महानिर्देशक रहेका यमलाल भुसाल १६ फागुन ०७७ देखि ३ भदौ ०७८ सम्म कार्यरत रहे। भुसालअघि सुमन दाहालले १६ भदौ ०७६ देखि १६ फागुन ०७७ सम्म विभागको महानिर्देशकका रूपमा काम गरे।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा पनि छिटोछिटो महानिर्देशक फेरिएका छन्। विभागका महानिर्देशक महेश भट्टराईलाई सरकारले हालै सरुवा गरेको छ। गत २७ भदौमा विभागको महानिर्देशक बनेर आएका उनी साढे पाँच महिनामै सरुवा भए। विभागमा रहेर अनुगमनलाई कडाइका साथ तीव्रता दिँदा व्यापारी-व्यवसायीको दबाबमा उनको सरुवा भएको स्रोतको दाबी छ।

पछिल्लो समय विभागले विभिन्न कम्पनीका म्याद गुज्रेका ८० लाखभन्दा बढी मूल्यका दुई हजार ६ सय कार्टुन वियर जफत गरेर जरिवानाको प्रक्रियामा अघि बढाएको थियो। एक पेन्ट्स कम्पनीलाई ६ लाख जरिवाना तिराएर २० लाख मूल्यको म्याद गुज्रेको १४ हजार लिटर पेन्ट्स नष्ट गरेको थियो। त्यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र उपभोक्ताबाट चर्को शुल्क असुल्ने नौ पसललाई विभागले १५ लाख जरिवाना तिराएको थियो। न्यून बीजकीकरण गरेर ल्याइएका गाडी जफत गरेर भन्सार विभागअन्तर्गतको जाँचपासपछिको परीक्षण कार्यालयमा लेखी पठाएको थियो। प्रतिगाडी ४० हजार डलर हुनुपर्नेमा १० हजार डलर घोषणा गरेर ती गाडी ल्याइएको अनुगमनबाट फेला परेको थियो। त्यसमा दुई करोड जरिवाना हुन सक्ने अनुमान छ। त्यस्तै, नेटवर्किङ व्यवसायीलाई अनुसन्धान गरेर २० बुँदे निर्देशन विभागले दिएको थियो। त्यो पालना नगरे पाँच लाख जरिवाना र फेरि उल्लंघन गरे लाइसेन्स खारेज गर्नेसम्मको चेतावनी विभागले दिएको थियो। कडाइका साथ अनुगमन अघि बढाउँदा रुष्ट बनेका व्यवसायीको स्वार्थमा भट्टराईको सरुवा गरिएको स्रोत बताउँछ।

भट्टराईभन्दा अघि लीलाप्रसाद शर्मा पनि पाँच महिनामै सरुवा भएका थिए। शर्माअघिका महानिर्देशक प्रेमप्रसाद श्रेष्ठ तीन महिनामै बाहिरिएका थिए। उनीभन्दा अघिका महानिर्देशक प्रकाश पौडेल सात महिनाजति मात्र विभागमा रहे। विभागमा छिटोछिटो हुने नेतृत्व परिवर्तनले बजार अनुगमन र उपभोक्ता हित संरक्षण गर्ने दायित्व बोकेको विभागको काममै असर पुऱ्याएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गतको राजस्व अनुसन्धान विभागमा पनि यस्तै प्रशासनिक अस्थिरता छ। गत वैशाखयता विभागमा चारजना महानिर्देशक फेरिइसकेका छन्। यसअघि विभागको महानिर्देशक रहेका मदन दाहालको तीन महिनामै सरुवा भयो। गत १६ कात्तिकमा विभाग आएका दाहालको श्रम तथा रोजगार मन्त्रालयमा सरुवा भएपछि गत २२ माघमा विभागबाट रमाना लिएर बाहिरिए। उनको ठाउँमा अहिले विभागको महानिर्देशक नारायणप्रसाद सापकोटा छन्।

विभागमा दाहालभन्दा अघिका महानिर्देशक झलकराम अधिकारी साढे चार महिनामै सरुवा भए। १ असारमा विभाग आएका अधिकारीको १६ कात्तिकमा सरुवा भएको थियो।

उनीअघि विभागको महानिर्देशक प्रकाश पौडेल थिए। उनी १८ असोज ०७८ देखि गत ३१ जेठसम्म कार्यरत थिए।

चुहावट छानबिन अनुसन्धान गरी अभियोजनको महत्त्वपूर्ण जिम्मेवारी बोकेको विभागको नेतृत्व छिटोछिटो सरुवा हुँदा त्यसको असर राजस्व संकलनमा समेत परेको छ। विभागलाई बलियो बनाउन भन्दै तत्कालीन प्रधानमन्त्री केपी ओलीले अर्थ मन्त्रालयबाट खोसेर प्रधानमन्त्री कार्यालयअन्तर्गत ल्याएका थिए। प्रधानमन्त्री कार्यालयअन्तर्गत ल्याइए पनि पछिल्लो समय विभागमा प्रशासनिक अस्थिरता बढेको छ।

वातावरण विभाग पनि प्रशासनिक हिसाबले अस्थिर देखिएको छ। विभागमा एक वर्षको अवधिमा दुईजना महानिर्देशक फेरिएका छन्। २१ पुस ०७८ मा महानिर्देशक भएका गोपालप्रसाद अर्यालको १९ असार ०७९ मा सरुवा भएपछि नमराज घिमिरे आएका थिए। उनी हालै सहकारी विभागको रजिस्ट्रार बनेर गएपछि अहिले विभाग नेतृत्वविहीन छ। अब आउने महानिर्देशक एक वर्षकै बीचमा आउने तेस्रो महानिर्देशक हुनेछन्। नयाँ महानिर्देशक मन्त्रालयले पठाइसकेको छैन।

पूर्वसचिव रामकुमार आचार्यले राजनीतिकर्मी र कर्मचारीको द्वन्द्वले चाँडो चाँडो सरुवा हुने गरेको बताए। 'राजनीतिज्ञमा कर्मचारी दास हुन् भन्ने सोच छ। कर्मचारी पनि आफूसँग ज्ञान, सूचना, औजार र कार्यान्वयन गर्ने क्षमता छ भन्छ। राजनीतिज्ञको सोच कार्यान्वयन गर्ने दायित्व आफ्नो ठान्छ। जब राजनीतिज्ञले स्वार्थ राख्छ, कर्मचारीले मान्दैन। उसले कानुन, विधि र प्रक्रिया पनि अपनाउनुपर्ने हुन्छ। नमानेपछि उसको सरुवा हुन्छ,' उनले भने। अर्का पूर्वसचिव पूर्णचन्द्र भट्टराईले प्रशासनिक संयन्त्रमा स्थायित्वका लागि प्रशासनिक नेतृत्व पनि दह्रो हुनुपर्ने बताए। 'पठाउने र हटाउने दुवै कुरामा स्वार्थ राखिन्छन्। यसर्थ विभागपिच्छे अस्थिरताका कारण फरक छन्। अर्कातिर कर्मचारीतन्त्र पनि कमजोर भयो। यसमा कसैलाई दोष दिने होइन। स्थायित्व चाहने हो भने प्रशासनिक नेतृत्व पनि दह्रो हुनुपर्छ,' उनले भने।

दैनिक १२००...

पृष्ठ १ बाट क्रमशः

बित्यो। तर, पाइपलाइन विस्तार नगर्दा झन्डै एक हजार दुई सय परिवारलाई खाना पकाउन सकिने ग्यास बालेर खेर फालिँदै छ। प्लान्ट व्यवस्थापनको जिम्मा पाएको नेक्स्टइरा इनर्जी पनि ग्यास सिलिन्डरमा हालेर बेच्ने पूर्ववर्ती सम्झौताबाट पछि हटेपछि भन्ने अन्योल बढेको हो। नेक्स्टइराले ७० कर्मचारीलाई त्यही ग्यासबाट खाना पकाएर खुवाइरहे पनि बाँकी ग्यास भने त्यतिकै बालेर छाडिदिन्छ। 'ग्यासलाई त्यतिकै फालेमा वातावरणमा असर गर्छ,' नेक्स्टइराका प्रबन्ध निर्देशक विमल खतिवडा भन्छन्, 'त्यही भएर बालेर छाडिदिन्छौं।' प्लान्टबाट गत भदौदेखि ग्यास उत्पादन सुरु भएको हो। ४१ टन फोहोरबाट दैनिक एक हजार ८४ केजी ग्यास उत्पादन हुने भए पनि ग्यास प्रयोगमा नआएपछि प्लान्टमा फोहोर नै कम हाल्ने गरिएको छ। अहिले पनि दैनिक ६ सय केजी ग्यास खेर गइरहेको छ। ग्यास मात्र होइन दैनिक १० हजार किलोग्राम प्रांगारिक मल पनि खेर गइरहेको छ। कम्पनीले दमक- २ स्थित हम्सेदुम्से वन क्षेत्रमा दमक नगरपालिकाले उपलब्ध गराएको तीन बिघा क्षेत्रफलमा ग्यास प्लान्ट निर्माण गरेको हो।

सिलिन्डरमा ग्यास भरेर बेच्ने सम्झौताबाट पछि हट्यो कम्पनी

ग्यास सिलिन्डरमा भरेर बेच्ने सम्झौता भए पनि महँगो हुने भएकाले नसकिएको खतिवडा बताउँछन्। २० वर्षका लागि सञ्चालन गर्ने जिम्मा लिएको कम्पनीले सिलिन्डरमा ग्यास बेच्दा प्रतिफल नआउने जनाएको छ।

'हालसम्म हामीले २० करोडभन्दा धेरै खर्च गरेका छौं। ग्यास सिलिन्डरमा भरेर बेच्दा थप १० करोड खर्च बढ्छ,' उनले भने, 'यहाँ ठूला उद्योग पनि छैनन्। एउटा घरमा एक सिलिन्डर ग्यास खपत हुन एक महिना लाग्छ। हामी दैनिक ७५ सिलिन्डर उत्पादन गर्छौं। उत्पादन भएको ग्यास नबिक्ने सम्भावना छ। सिलिन्डरमा थप दश करोड खर्च गर्दा २० वर्षमा प्रतिफल नआउने खतरा छ।'

अहिले दमक नगरपालिकाले फोहोर व्यवस्थापनबापत नेक्स्टइरा इनर्जी प्रालि र रोहन ट्रेडर्स जेभीलाई मासिक १० लाख उपलब्ध गराउँदै छ। कम्पनीले दमकवासीबाट झन्डै मासिक पाँच लाख रुपैयाँ संकलन गर्छ। 'आयस्रोत यति नै हो। यसले हाम्रो अफिस र स्टाफ खर्च पनि पुगेको छैन,' खतिवडाले नयाँ पत्रिकासँग भने, 'अहिले पनि घाटामा छौं। बैंकको ब्याज तिर्न सकेको छैन। हामीले कसरी पाइपलाइन विस्तार वा सिलिन्डरमा भरेर बिक्री गर्न सक्छौं ?'

नगरपालिकाले चालू आर्थिक वर्षमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गर्ने मेसिन खरिदका लागि ५० बजेट विनियोजन गरेर पनि मेसिन खरिद नगरिँदा पनि समस्या भएको उनले बताए। 'नगर पालिकालाई कबाडी बेचेबापत मासिक एक लाख रुपैयाँ हामी दिँदै छौं। तर, उसले बजेटमा राखेको मेसिन खरिद गर्ने पैसा पनि दिएन,' उनले भने, 'त्यसकारण हामीले हातले नै कुहिने र नकुहिने फोहोर फ्याँक्नुपर्ने बाध्यता छ। मेसिन नहुँदा अहिले पनि अधिकांश फोहोर बाहिरै पुरिरहेका छौं।' त्यहाँबाट उत्पादन भएको मल राज्यले खरिद गरिदिए किसानलाई दिन सके सहज हुने उनी बताउँछन्।

संक्रमणकालीन...

पृष्ठ १ बाट क्रमशः

जेनेभास्थित संयुक्त राष्ट्रसंघका लागि नेपाली नियोगका अनुसार प्रधानमन्त्रीका सल्लाहकार कोइरालाले भेटवार्तामा संक्रमणकालीन न्याय टुंग्याउने, पीडित परिवारलाई क्षतिपूर्ति दिने र समाजमा मेलमिलाप कायम गर्नेसमेत सरकारको प्रतिबद्धता राखेका थिए। 'हामी संक्रमणकालीन न्यायप्रक्रिया टुंग्याउन प्रतिबद्ध छौं। संसद्बाट कानुन पारित गर्ने क्रममा छौं। मानव अधिकार, प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायालयका सन्दर्भमा नेपाल अटुट रूपमा प्रतिबद्ध छ,' कोइरालाले भने।

उनले मानव अधिकारसम्बन्धी युरोपियन युनियनका विशेष प्रतिनिधि इमोन गिलमोर, रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी) का महासचिव जगन चापागाईं, संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्त भोल्कर तुर्कसँग भेटवार्ता गरेका छन्। तुर्कसँग कोइरालाले नेपाल संक्रणकालीन न्यायप्रक्रिया टुंग्याउने प्रक्रियामा रहेको जानकारी दिएका छन्। सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगसम्बन्धी विधेयक संसद्बाट पारित गराउने तथा संक्रमणकालीन न्यायप्रक्रिया टुंग्याउने सरकारी प्रतिबद्धता उनले व्यक्त गरेको जेनेभास्थित नेपाली नियोगले जनाएको छ। नेपालको शान्तिप्रक्रियामा सहयोगका लागि कोइरालाले नेपाल सरकारका तर्फबाट उच्चायुक्त तुर्कलाई धन्यवाद दिएका छन्।

स्वयिु...

पृष्ठ १ बाट क्रमशः

तथा समानुपातिकतर्फको उम्मेदवारी गर्न सकिनेछ। ५ चैतका दिन बिहान ८ देखि दिउँसो ४ बजेसम्म निर्वाचन मिति तय भएको छ।

स्वयिु निर्वाचनको सुरक्षा प्रबन्ध मिलाउन ७७ वटै जिल्लालाई गृह मन्त्रालयले पत्राचार गरिसकेको छ। त्यस्तै, स्थानीय तहलाई समन्वय गर्न र निर्वाचन सहज बनाउनसमेत त्रिविले पत्राचार गरेको छ। प्रत्येक दुई-दुई वर्षमा हुनुपर्ने स्वयिु निर्वाचन लामो समय टर्दै आएको थियो। त्रिवि पदाधिकारी, विभाग, संस्थान, विभिन्न संकायका डिन, परीक्षा नियन्त्रक, विद्यार्थी संघ-संगठनलगायतको छलफलपछि चुनावको निर्णय भएको थियो। यसअघि ६ चैत ०६५ र १५ चैत ०७३ मा स्वयिु निर्वाचन भएको थियो।

हाकिम नटिक्दा...

पृष्ठ १ बाट क्रमशः

दायित्वभित्र पर्छ। तर, प्रमुख फेरिइहँदा सबै काम प्रभावित भएका छन्। विभागको तथ्यांकअनुसार देशभरका ट्रायल सेन्टरहरूमा दैनिक औसत पाँच हजारजना ट्रायल उत्तीर्ण हुन्छन्। तर, अनुमतिपत्र (लाइसेन्स) छाप्ने दैनिक क्षमता चार हजार मात्रै छ। २ फागुनदेखि ७० अंकभारको नियम लागू भएपछि ट्रायल उत्तीर्ण गर्ने अझै बढेका छन्। दुई वर्षअघि ६२ जना कर्मचारी दरबन्दी रहेको विभागमा अहिले ४२ जना कायम गरिएको छ। जिम्मेवारी बाँडिएकाले कर्मचारी पनि प्रदेशमातहतमा बाँडिएका हुन्।

विभागले अहिले गर्ने सबैभन्दा महत्त्वपूर्ण काम नीति निर्माण र यातायातका साधनलाई व्यवस्थित गर्नु हो। तर, प्रदेश सरकारलाई संविधानले नै छुट्टै अधिकार दिएकाले केन्द्र सरकारले बनाएको नीतिगत कुरा प्रदेशमा लागू नहुने पूर्वमहानिर्देशक गौतमले बताए। यसबारे सम्बद्ध सबै निकायले सोच्न जरुरी रहेको उनको भनाइ छ। 'यातायात कार्यालय प्रदेशमा हस्तान्तरण भएपछि उनीहरूलाई त्यो अधिकार गयो,' उनले भने, 'तर, प्रदेश र संघबीच समन्वय नहुँदा कार्य सम्पादनमा समेत कठिनाइ छ,' उनले भने।

विभाग र प्रदेशबीच समन्वय नहुँदा पनि समस्या

यातायात व्यवस्था विभागले छापिएका स्मार्ट लाइसेन्स हरेक प्रदेशमा रहेको यातायात कार्यालयलाई पठाउँछ। जुन यातायात कार्यालयअन्तर्गतको ट्रायल सेन्टरबाट सेवाग्राहीले ट्रायल उत्तीर्ण गरेको हो त्यहींबाट स्मार्ट लाइसेन्स वितरण गरिन्छ। तर, प्रदेशस्तरका कार्यालयले विभागले पठाइसकेका लाइसेन्ससमेत वितरण नगरेको विभागको भनाइ छ। यातायातको अधिकार प्रदेशलाई दिएपछि सेवा प्रवाहसमेत भद्रगोल र अस्तव्यस्त बनेको छ। विभागका अनुसार यस्तो समस्या बागमती, गण्डकी र लुम्बिनीमा धेरै छ। अब स्मार्ट लाइसेन्स छाप्ने र इम्बोस्ड नम्बर प्लेट जडान गर्ने जिम्मा पनि प्रदेशलाई दिने तयारी भइरहेको विभागले जनाएको छ। बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयका प्रवक्ता हरिहर पोखरेलले प्रदेश सरकारको अवधारणाअनुसार यातायात क्षेत्र व्यवस्थित पार्ने कार्य भइरहेको बताए। 'अब ट्रायलको अधिकार प्रदेशलाई आइसकेको छ, स्मार्ट लाइसेन्स र इम्बोस्ड नम्बर प्लेट जडानको जिम्मा पनि प्रदेश आए विभागलाई सहज हुन्छ, तर यी सेवाका लागि थुप्रै संरचना चाहिन्छ,' उनले भने।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

डिभिजन वन कार्यालय
खलंगा, जाजरकोट

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७५/११/२०

यस डिभिजनबाट मिति २०७९/१०/०६ मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) को प्रयोजनार्थ जानकारी गराईन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल :

क्र.सं.	ठेक्का नं.	कामको नाम	बोलपत्रदाताको नाम/ठेगाना	कबोल रकम (भ्याट बाहेक)
1	DFO/JKT/W/ NCB/01/079/080	Construction of Chhedagadh sub division forest office building at chhedagadh 01, khara Jajarkot	S P K.B. Nirman Sewa, Chhedagadh-04, Jajarkot	14,98,349
2	DFO/JKT/W/ NCB/02/079/080	Construction of Kushe sub division forest office building at Kushe 06, Bharma Jajarkot	Barun nirman Sewa, Kushe Rural municipality 5 Jajarkot	20,07,148

डिभिजन प्रमुख

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन पोखरा, कास्की

बोलपत्र स्वीकृतिको लागि आशयको सूचना

प्रकाशित मिति २०७५/११/२०

मिति २०७९/०९/२७ र २०७९/१०/०३ मा **आर्थिक राष्ट्रिय दैनिक** तथा www.bolpatra.gov.np मा प्रथम पटक प्रकाशित सूचना नं. ०५-२०७९/०८० र सुचना नं ०६-२०७९/०८० को सूचनामा उल्लेखित अन्तिम म्याद मिति २०७९/११/०४ र मिति २०७९/११/०८ गते भित्र पर्न आएका बोलपत्रहरुको (E-submission) को आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (३) को प्रयाजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

S. N.	Contract No.	Description of Works	Name and Address of Successful Bidders	Accepted Bid Amount including VAT & PS NRs
1.	RDPKR/337310113 (Rea) /079/80-31	Reactive Road Maintenance Works on Setidovan -Budhokola Section & Rajashwara -Sirubari Section, NH70	M/S Parakram Construction Pvt. Ltd., Waling- 02, Syangja	36,42,393.80
2.	RDPKR/337310113 (Spec)/079/80-33	Culvert Construction works at Dharakholsi onJagatbhanjhyang-Chapakot-Gajarkot Road, NH 69	M/S Rupashree Construction, Chapakot Syangja	46,00,000.33
3.	DROPKR/337310113 (Com)/079/80-35	Combined Maintenance works at Buddhachowk Forestry campus-Fulbari hotel	M/S Manoj Nirman Sewa, Pokhara- 09	39,81,570.58
4.	DROPKR/337310113 (Em)/079/80-36	Emergency maintenance works at Bindabasini Sarankot Road	M/S Lokpriya Nirman Sewa, Walling, Syangja	44,44,714.17
5.	DROPKR/337310113 (Rea)/079/80-37	Reactive maintenance works at BegnastalRambazaar Road	M/S S&S Structural Fabrication Pvt.Ltd, Pokhara, Kaski	22,94,474.36

आर्थिक प्रस्ताव खोल्ने सूचना

प्रकाशित मिति २०७५/११/२०

मिति २०७९/१०/०३ मा आर्थिक राष्ट्रिय दैनिक तथा www.bolpatra.gov.np मा प्रकाशित सूचना नं. ०६-२०७९/०८० मा उल्लेखित बोलपत्रहरुको प्रविधिक प्रस्ताव खोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली २०६४ को निमय ५९, ६०, ६२ र ६३ बमोजिम मुल्याङ्कन गरी योग्यताको सबै आधारमा सफल हुने तपसिल बमोजिमका सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुको आर्थिक प्रस्तावहरु तपशिलको स्थान, मिति र समयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	ठेक्का नं.	निर्माण कार्यको विवरण	सफल बोलपत्रदाताहरु
1.	DROPKR/337310113/079/80-34	Asphalt Overlay Works on Pokhara Urban Road	1. M/S Bibek & Kuber Builders Pvt.Ltd, Walling- 05 2. M/S BMA/Konda J.V, Baglung-01
आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान :			२०७९/११/२८ गते दिनको १.०० बजे सडक डभिजन पोखरा

डिभिजन प्रमुख

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०७५/११/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०७५/१२/२४ गते दिनको ३:०० बजे सम्म

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय, बर्दिबासबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि **३५ (पैंतिस) दिने** सूचना प्रकाशित गरि आव्हान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा सम्बन्धित शाखा कार्यालय बर्दिबासमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरु शाखा कार्यालय बर्दिबासबाट ३६ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, जमानीकर्ता समेतको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गर्ने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सकने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्योता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
१) **ऋणी : विश्वकर्मा काँटी उद्योग** दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय, जलेश्वर महोत्तरी ठेगाना : बर्दिबास -०१, महोत्तरी जारी मिति : २०७६/०४/२९ दर्ता नं. : ६५०२/४१/०७६/०७७ पान नं. १११११४१५५७ **प्रोप्राइटर/जमानीकर्ताको नाम : वासुदेव सुनचौरी** बाबुको नाम : मोतीलाल सुनचोरी बाजेको नाम : महाविर कामी ठेगाना : रामनगर-०६, महोत्तरी हाल : गौशाला-१, महोत्तरी ना.प्र.नं. : ०४९५१०२१ जारी मिति : २०४२/०३/३१ जारी गर्ने कार्यालय : जि.प्र.का, महोत्तरी **कर्जा शीर्षक : एस.एम.ई. अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : बर्दिवास शाखा**	१) **नाम : तारादेवी सुनचौरी** बाबुको नाम : जंगविर दरलामी कामी पतिको नाम : वासुदेव सुनचौरी ठेगाना : रामनगर-६, महोत्तरी हाल : गौशाला-१, महोत्तरी ना.प्र.नं. : ०४९५२७८०, जारी मिति : २०४६/१२/१६ जारी गर्ने कार्यालय : जि.का, महोत्तरी २) **नाम : धिरज सुनचौरी** बाबुको नामः वासुदेव सुनचौरी बाजेको नाम : मोतीलाल सुनचौरी ठेगाना : रामनगर-६, महोत्तरी हाल : गौशाला-१, महोत्तरी ना.प्र.नं.: १८२०७१/२५५, जारी मिति : २०६७/०४/२७ जारी गर्ने कार्यालय : जि.प्र.का, महोत्तरी ३) **नाम : सुबास कुमार सुनचौरी** बाबुको नाम : वासुदेव सुनचौरी बाजेको नाम : मोतीलाल सुनचौरी ठेगाना : रामनगर-६, महोत्तरी हाल : गौशाला-१, महोत्तरी ना.प्र.नं. : १८२०७१/७०२, जारी मिति : २०६६/०८/२१ जारी गर्ने कार्यालय : जि.प्र.का, महोत्तरी
सुरक्षणमा रहेको धितोको विवरण श्री मालपोत कार्याल जलेश्वर महोत्तरीमा वासुदेव सुनचोरीको नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला, ५ न बहादुरगंज वडा नं. ७ स्थित कि.नं. २४० को क्षेत्रफल ३३८.६४ व.मि को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

शर्तहरु :

१. बोलपत्र फाराम यस डेभलपमेन्ट बैंकको कुने पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं.०४२-९३०७४०१०५०१०१ को "SDBL- Other non-operating Income" मा रु.५००।-(अक्षेरुपी पाँच सय मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफुले कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुने पनि शाखा कार्यालयमा यस बैंकको खाता नं. ०४२-९२०६५०१०७०५०१ को "SDBL- Auction Deposit (Lilami)" मा जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संग्लन गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय बर्दिबास वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. बोलपत्र फाराममा कर्जा शीर्षक र क्र.सं अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
५. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय बर्दिबासबाट सम्पर्क राखी जे-जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई चल/अचल सम्पत्ति आफ्नो नाँउमा नामसारी गरिलिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
७. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुन टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन।
८. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा यस डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
१०. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त ब

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालहरू
शनिबार २० फागुन ०७९
nayapatrikaofficial @naya_patrika

...अनि राउत होमिए विद्रोहमा

ती चार घुम्ती, जसले सिके राउतलाई क्याम्ब्रिज हुँदै सदनसम्म ल्यायो





अनिल यादव
aniljournalist2067@gmail.com

टर्निङ पोइन्ट

सन् २००२ को ऋतिक रोशन काण्डअघिसम्म सिके राउत आफूलाई 'भयंकर राष्ट्रवादी' ठान्थे । 'म त नेपाली, वीर गोर्खाली' भन्दै कविताहरू लेख्थे । आफूमाथि हुने विभेद र दमनलाई सहजै लिन्थे । आफ्नो पहिचान स्विकार्न चाहँदैनथे ।

तराई मधेस मूलका जति पनि मान्छे काठमाडौं आउँथे, अधिकांशसँग विभेद र दमनको लामो फेहरिस्त हुन्थ्यो, तर कोही पनि गाउँ फर्किंदा 'सहरमा मसँग यस्तो हुन्छ' भनेर स्विकार्न चाहन्थेन । राउत पनि त्यस्तै थिए, आफूले काठमाडौंमा भोगेको विभेद मनभित्रै गुम्साएर राख्थे ।

उनी पढ्ने ललितपुरको पुल्चोक इन्जिनियरिङ क्याम्पसमा मधेसी मूलका विद्यार्थीले खोलेको एउटा संगठन थियो- तराई विद्यार्थी नवजागरण संघ । एकपटक त्यही संगठनका केही नेताहरू राउतलाई सदस्यताको प्रस्ताव लिँदै भेट्न गए । जवाफमा राउतले उल्टै हकारेर पठाए । त्यसवेला उनले भनेका थिए, 'यो मधेसी, पहाडी केही पनि हुँदैन, म नेपाली हुँ नेपाली ।'

समयक्रमसँगै केही घटना यसरी आइपर्छन् कि त्यस्ता घटना मान्छेको जीवनमा मूल घुम्ती बनिदिन्छन् । राउतका लागि नेपालमा चर्चित ऋतिक रोशन काण्ड त्यस्तै बनिदियो ।

त्यतिवेला ऋतिक रोशनको पहिलो फिल्म 'कहो ना प्यार हे' रिलिज भएको थियो । यो फिल्मले असाध्यै चर्चा कमाएको थियो । त्यतिवेला चितवनको एक स्थानीय पत्रिकामा 'भारतीय अभिनेता ऋतिक रोशनले एक अन्तर्वार्तामा नेपाललाई होच्याएर बोले, नेपाल र नेपाली मन पर्दैन भने' भनेर आधारहीन खबर छापेको थियो । त्यो खबर रातारात भुसको आगोझैं देशभर फैलियो ।

ऋतिक रोशन र बलिउड मात्रै होइन, अपुष्ट अभिव्यक्तिलाई लिएर मधेसीमाथि नै आक्रमण सुरु भयो । मधेसीको घरमा आगो लगाउने, पसल जलाउनेसम्मका गतिविधि भए । कति ठाउँमा मधेसीहरू कुटिए, कतैकतै नागरिकतासमेत खोसियो । मधेसीहरू ताल्चा लगाएर कोठाभित्र लुक्न बाध्य भए । स्थिति नियन्त्रणमा लिन कतिपय ठाउँमा प्रशासनले कर्फ्यु नै लगायो ।

काठमाडौं बसेर कलेज पढिरहेका राउत स्वयं यसका एक साक्षी बने । पहाडी मूलका साथीहरूसँग भेट्न पनि डरमर्दो स्थिति भयो । कुनै अर्को देशमा कुनै ठिटोले नेपालका बारेमा केही बोल्यो अरेका भरमा त्यसका लागि मधेसीहरू किन जिम्मेवार हुनुपर्ने ? त्यसका लागि मधेसीहरू किन पिटिनुपर्ने ? त्यस्तो परिस्थिति देखेर राउत झस्किए ।

त्यतिवेला राष्ट्रिय दैनिक भनिने काठमाडौंबाट निस्किने पत्रपत्रिकामा मधेसीमाथिको आक्रमण भनेर खासै खबर छापिएन । जब उनका साथीहरूले मधेसका स्थानीय पत्रपत्रिकामा छापिएको समाचारको कटिङ लिएर आए, त्यो पढेपछि राउत झन् टुटे ।

त्यसपछि एक दिन कलेजको क्लास जाने क्रममा भन्याङमै उनका केही सहपाठीले उनलाई घेरे, नानाथरी रंगभेदी गाली गरे । उम्केर भाग्न खोज्दा पनि समातेर फेरि घेरे । तिनीहरू तिनै साथी थिए, जो उनीसँग क्यान्टिन, लाइब्रेरी र क्लासमा एउटै टेबलमा वा सँगै बस्ने गर्थे ।

मान्छेहरू कलेज लाइफलाई खुब मिस गर्छन् । तर, राउतलाई लाग्दो हो- जीवनका पानाहरूबाट ती तिता दिन अलप भइदिए पनि हुने ! कारण, जहाँतहीं हुने विभेद र दुर्व्यवहारले कलेजको जीवन उनका लागि पटक्कै रमाइलो भएन । 'कलेजको अन्तिम वर्षभरि म लो प्रोफाइलमै बसेँ, कमै देखिन्थेँ, कमै बोल्थेँ, कते जान्नथेँ । कहिलेकाहीं आवेगमा पनि आउँथेँ । त्यतिवेला म कोठामा एक्लै बस्थेँ, मेरो रुममेट आफ्नो परिवारसँग बाहिरै बस्न थालेको थियो । कहिलेकाहीं त्यही पुराना साथीहरूसँग बस्ने कोसिस गर्थेँ तर दंगाताका मैले देखेको तिनीहरूको दानवतार सम्झिँदा झस्किन्थेँ । म आफ्नो ढोका प्रायः छेस्किनी लगाएर बन्द राख्थेँ,' राउतले आफ्नो पुस्तक 'वैराग्यदेखि बचावसम्म'मा पनि यो प्रसंग लेखेका छन् ।

राउत सुरुदेखि नै आध्यात्मिक बाटोमा थिए । तर, ऋतिक रोशन काण्डपछि उनको जीवनको गन्तव्य फेरियो । सामाजिक न्याय र पहिचानका लागि लड्ने कि आध्यात्मिक मार्गमै हिँडिरहने ? उनमा द्विविधा बढ्न थाल्यो ।

'म त आफूलाई नेपाली भन्थेँ तर हामीलाई त यहाँ नेपाली नै नमानिने रहेछ,' उनी सम्झन्छन्, 'भारतमा कसले के भन्यो अरेको भरमा यहाँ त हामीलाई पो पिट्न थाले । हाम्रो नागरिकता पो च्यात्न थाले । यहाँ त हामीलाई अरू त अरू राज्यले पनि नेपाली नभन्ने रहेछ । त्यसपछि मभित्र प्रश्न उठ्यो- म को हुँ त ? त्यही प्रश्नले मभित्र पहिचानको खोज, पहिचानको सुरुवात र स्वीकार्यता सुरु भयो । त्यसपछि हो, मैले आफूमाथि भएको विभेद र दमन स्विकार्न थालेको ।'

पहिचानको स्वीकार्यतापछि राउतले इतिहासबारे अध्ययन थाले । मधेस र मधेसीको पहिचानबारे पढ्न थाले । देशी-विदेशी पुस्तकालयमा मधेसीको इतिहाससम्बन्धी लेखिएका नेपाली, हिन्दी, अंग्रेजी सबै भाषाका पुस्तक खोजीखोजी पढे । 'सन् २००० डिसेम्बरको ऋतिक रोशन काण्ड मेरो जीवनकै टर्निङ पोइन्ट बन्यो,' राउत भन्छन्, 'तर, त्यसपछि पनि मैले मानसिक विद्रोह मात्रै गर्रे । मैले कहिल्यै पनि हिंसाको अन्त्य देख्दिनँ । त्यसैले म कहिल्यै पनि भौतिक हिंसाको पक्षमा थिइनँ । तर, सत्य के हो भने त्यो घटनापछि मेरो व्यक्तित्व नै नयाँ ढंगले विकास भयो । आज जस्तो व्यक्तित्व बन्यो, त्यसमा त्यो घटनाको ठूलो हात छ ।'

०००

हाल जनमत पार्टीका अध्यक्ष रहेका राउतका जीवनका मूल घुम्तीबारे सुन्न हामी बुद्धनगरस्थित उनको पार्टी कार्यालयमै पुगेका थियौं । उनले उठाएका एजेन्डाका कारण जनमानसमा विद्रोही स्वभावको 'न्यारेटिभ' स्थापित भए पनि भेटघाटमा उनी बिलकुलै फरक देखिए । शान्त, शालीन, बौद्धिक अनि आध्यात्मिक ।

भित्र कार्यकक्षमा पंक्तिकारलाई आफ्नो विगत सुनाइरहँदा बाहिर केन्द्रीय कमिटी बैठकका लागि पदाधिकारी कुरिरहेका थिए । तर, कुनै हतार नगरी उनी जीवनका 'टर्निङ पोइन्ट'हरू सम्झिरहेका थिए ।

ऋतिक रोशन काण्डबारे कुराकानी गर्नुअघि उनलाई पंक्तिकारले सोधेको थियो, 'तपाईंले पहिलोपटक कहिले आफूलाई मधेसी हुनुको अनुभूत गर्नुभयो ?'

जवाफमा उनी बडो घतपूर्वक प्रस्तुत भए, 'तराई मधेसमा बस्ने मधेसीलाई काठमाडौं नआउँदासम्म मधेसी भनेको थाहा नै हुँदैन । किनभने १० कक्षा पढ्दासम्म बाहिरको मान्छेसँग सम्पर्क हुने भनेको बस चढ्दा मात्रै हो ।'

सप्तरीको महादेवा गाउँमै कक्षा ५ मा पढ्दाताका राउतले बुढानीलकण्ठ स्कुलका बारेमा पढेका थिए । त्यही सुनेर उनी काठमाडौं पढ्न लोभिएका थिए । सरकारले पढ्न बोलाउँछ भन्ने हल्ला थियो गाउँमा । तर, १० कक्षा पढ्दासम्म त्यो बोलावट आएन ।

राउत परिवारको आर्थिक हैसियत कमजोर थियो । त्यसैले उनको परिवारको पैसा खर्च गरेर काठमाडौंमा पढाउन सक्ने अवस्था थिएन । तर, बुबाको पृष्ठभूमि शिक्षक भएकाले उनलाई गाउँलेहरूको पनि साथ भयो । गाउँमै रहेको कट्टी स्कुलमा स्कुल टप भएपछि उनलाई पढाउनुपर्ने गाउँमा दबाब बढ्यो । सुरुमा धरान जाने कुरा थियो । तर, राउतका बुबालाई कसैले कान भरिदियो, 'त्यहाँ इन्ट्रान्समा नाम निकाल्न अप्ठेरो हुन्छ, सोर्सफोर्स चल्छ, मधेसीको नाम निस्किँदैन ।' त्यसपछि राउत पुल्चोक इन्जिनियरिङ कलेजमा पढ्न आइपुगे । गाउँबाट सहरमा काम गर्न आएका फ्याक्ट्रीका मजदुरहरू, सैलुन खोल्ने मान्छेहरू सबैले उनको पढाइमा साथ दिए, आर्थिक सहयोग गरेर । 'बुबाले धेरैलाई गाउँमा ऋणी बनाउनुभएको थियो । त्यसैले गाउँलेहरूले मेरो पढाइमा उहाँलाई साथ दिए,' राउतले भने ।

गाउँमा रहँदा मधेसका राजनीतिज्ञ गजेन्द्रनारायण सिंहले काठमाडौंमा कुटाइ खाएको उनी सुन्थे । काठमाडौंबारे मधेसतिर मनोविज्ञान थियो, 'धोती लाएर गयो भने कुट्छ रे, हेप्छ रे !'

गाउँमै रहँदा पनि जब-जब उनी लोकल बसमा चढ्थे, आफ्नो भाषा बोल्न छाडेर नेपाली बोल्थे । 'सहचालक मधेसी नै भए पनि मधेसी भाषा बोल्ने आँट आउँदैनथ्यो । नेपाली नै बोलिन्थ्यो । बसमा चढ्ने पहाडी यात्रुका कारण,' राउत सम्झिन्छन् ।

त्यस वेला नाइट बसमा बीच बाटोबाटै यात्रु चढाउने चलन निकै थियो । यदाकदा अहिले पनि छ । त्यसक्रममा मधेसीमाथि निकै दुर्व्यवहार हुने राउत सम्झन्छन् । 'मधेसीहरूलाई मुढामा बसाएर ल्याउँथे,' राउत मधेसीमाथि हुने विभेदको शृंखला सुनाउँछन्, 'पूर्वबाट चढेर आएकाहरूले 'ओए भैया' भन्दै गाली गर्थे । दुर्व्यवहार गर्न थालिहाल्थे । कहिलेकाहीं झोला फालिदिने, थिच्ने, सिटमा बसे पनि हटाउने ! हरेक दिनजसो त्यस्तो घटना हुन्थ्यो । तर, जतिसुकै दुर्व्यवहार भए पनि मधेसीहरू मौन भएर सहँरै यात्रा गर्थे । म स्वयं धेरैपटक यो अवस्थाबाट गुज्रिएको छु ।'

त्यो मेची-महाकाली यात्रा

सन् १९९४ मा काठमाडौं छिरेका राउतले स्नातकको पढाइ सकाएपछि सन् २००१ मा कुपन्डोलमा रहेको एड्भान्स इन्जिनियरिङ कलेजमा एक वर्ष हेड अफ डिपार्टमेन्टका रूपमा कम्प्युटर विभागमा काम गरे । तर, इन्जिनियरिङको पढाइमा 'टपर' भएका कारण उनको चाहना थियो, थप अध्ययनका लागि विदेश जाने । कारण, त्यतिवेला टपरहरू उच्च शिक्षाका लागि अमेरिका, बेलायत जान्थे । सुरुमा सन् २००३ तिर मास्टर्स डिग्रीका लागि उनी जापान गए । ब्याचलर पढ्दै एउटा डिग्री क्याम्ब्रिज युनिभर्सिटीमा गर्ने उनको धोको थियो । जापानमा ३ वर्षको अध्ययनपछि पिएचडीका लागि उनी क्याम्ब्रिज युनिभर्सिटी पुगे । साढे तीन वर्ष क्याम्ब्रिजमा पढेपछि उनी अमेरिकास्थित नाशाको प्रोजेक्ट हेर्ने एक कम्पनीमा वरिष्ठ वैज्ञानिकका रूपमा काम गर्न थाले । खोज मिसायलको लार्जेस्ट एक्स्पोर्टर रहेको उक्त कम्पनीले हतियार बनाउने काम गर्थ्यो ।

आफ्नै कर्ममा रमाइरहेका उनी सधैं अमेरिकामै बस्ने सोचमा थिएनन् तर चाँडै नेपाल फर्किने योजना पनि थिएन । यद्यपि अमेरिकामै रहेर सामाजिक विभेदबारे अध्ययन गरिरहेका थिए । एकपटक हार्बड युनिभर्सिटीमा राउतले मधेसको दयनीय अवस्था चित्रण गर्दै त्यहाँ अझै उपनिवेशिक शासन नै कायम रहेको प्रेजेन्टेसन दिएका थिए ।

त्यहीवेला मधेसकेन्द्रित दलका नेताहरू नयाँ संविधानसभाताका प्रशिक्षणका क्रममा अमेरिका आएका थिए । ती नेताहरूलाई राउतले आफ्नो बेलायती साथीको मधेस भ्रमणको अनुभव सुनाउँदै भनेका थिए, 'जब मैले उसलाई गाउँ घुमाएँ, उसले भन्यो- तेरो गाउँमा घरहरू छैनन्, खाली झुपडीहरू मात्रै छन् ।'

यो प्रसंग सुनेर ती नेताहरू (उनले नाम भन्न चाहेनन्) राउतसँग जगिए । नेताहरूको जवाफ थियो, 'अहिले त्यस्तो छैन । धेरै विकास भएको छ । मधेस धेरै दीक्षित भइसक्यो ।' नेताहरूसँग वादविवादपछि राउतले योजना बनाए, 'त्यसो भए एकपटक नेपाल जान्छु, मेची-महाकाली यात्रा गर्छु । हेर्रौं न कति विकास भएछ !'

सन् २०१० जुलाईतिर उनी नेपाल आए । जिल्ला-जिल्लामा सबैसँग गफ गर्दै हिँडे । तर, अवस्था नेताहरूले भनेजस्तो सुखद थिएन, जतातते विकराल थियो । कुपोषित बच्चा, आङमा कपडा नलगाएका महिलाहरू, मुक्त कमैयाहरू, बेराजगार युवाहरू, यस्तै भयावह दृश्यले उनलाई भतभती पोल्यो ।

केही घटनाहरू छन्, जसले झन् बेस्सरी हिर्काए । आफूबाट धेरै अपेक्षा राखेको आफ्नै गाउँका एकजना भजुवा काकालाई उनले सोधे, 'गाउँमा के समस्या छ, काका ?' जवाफमा काकाले भने, 'यहाँ सिँचाइको व्यवस्था छैन, एउटा बोरिङको व्यवस्था गरिदिनुपऱ्यो ।'

राउतले प्रतिप्रश्न गरे, 'बाटोघाटोचाहिँ चाहिँदैन ? यहाँ त घरसम्म जाँदा घुँडासम्म हिलो हुने रहेछ त ?'

जवाफमा काकाले भने, 'सिँचाइ भएपछि यहाँ हाम्रो बालबच्चाले खान पाउँछ । खान पायो भने यो हिलो त के योभन्दा बढी हिलो पनि हिँडेरै जान सक्छ । तर, सिँचाइ भएन भने बालबच्चा भोकै मर्छन्, भोकै मरेपछि यो बाटोघाटोमा को हिँड्ने ? '

काकाको जवाफ राउतको मनमा चस्स बिज्यो । सिँचाइ ल्याउने प्रयत्न गरे तर जटिल प्रक्रियाका कारण सकेनन् । भन्छन्, 'मैले त्यतिवेला साह्रै निरीह महुसस गर्रे । २० वर्षदेखि मेरो आशामा रहेका गाउँलेहरूलाई जम्मा दुइटा बोरिङ दिन सकिनँ ।'

त्यस्तै यात्राका क्रममा उनी कञ्चनपुरमा कमैया कमलरीहरूको बाढीबाट विस्थापित बस्तीमा पुगे । अमेरिकाबाट वैज्ञानिक आएको सुनेपछि त्यहाँ भेट्न आएका कमलरीहरूले उनीसँग रुँदैरुँदै विलौना गरे, 'हामीलाई अलिकति बस्नलाई जमिन दिलाइदेऊ, नत्र हाम्रो बालबच्चा कसरी बस्छन्, कहाँ जान्छन् ?' त्यो रोदनले राउतको मुटु बेस्सरी पोल्यो ।

त्यसपछि उनी निचोडमा पुगे, अब नेपाल फर्किनुपर्छ, आफ्नै देशको सेवामा । फर्किनेबित्तिकै सुरुमै उनी राजनीतमा होमिएनन् । बौद्धिक तरिकाबाट सेवा गर्न सकिन्छ कि भनेर मधेसको विकासमा एनजिओ र आइएनजिओको भूमिकाबारे अन्तर्क्रिया गरे । आफ्नै एनजिओ पनि दर्ता गरे- इजोत मुभमेन । आफ्नै पैसा खर्चिएर सचेतनामा लागे । तर ६ महिनामै थाके । 'जहाँ जान्छु, बैठक राख्न पनि मान्छेहरू भत्ता खोज्छन्, गिफ्ट खोज्छन्,' उनले सम्झिए, 'पढाउन गइरहेको छु, तर खर्च खोज्छन् । यसरी त सकिन्न भनेर मैले ६ महिनामै एनजिओ छाडेर राजनीतितिर होमिने निर्णय गरेँ । मलाई लाग्यो, राजनीतिक कुरा राजनीतिमा लागेरै समाधान गर्न सकिन्छ ।'

> मलाई थाहा छ, म कुन स्तरको इमानदारिताका साथ मधेसका जनताका लागि लागेको थिएँ । तर पनि धेरैले साथ दिएनन्, उल्टै नानाथरी आरोप लगाए । बहुसंख्यकले आरोप नै लगाए, एक-दुई प्रतिशत मात्रै मेरो पक्षमा थिए ।

त्यसपछि चल्यो अभियान

११ पुस ०६३ को कुरा हो । संविधानको विरोधका कारण मधेस आन्दोलन चर्किएर हिंसाको रूप लिन थालेपछि स्थानीय प्रशासनले नेपालगन्जमा कर्फ्यु लगाएको थियो । तर, कर्फ्युका बाबजुद प्रदर्शन रोकिएन । त्यही वेला नेपालगन्ज उपमहानगरपालिका-१४, गोसाइँपुर्वाका कमल गिरी पनि नेपालगन्ज आए । उनलाई कर्फ्युका बारेमा कुनै जानकारी थिएन । प्रहरीले नरोकिए गोली हान्ने चेतावनी दिएपछि भाग्दै गर्दा उनलाई प्रहरीले चलाएको गोली लाग्यो । घटनास्थलमै उनको मृत्यु भयो ।

कमल गिरीको त्यही घटनाले हो, राउतभित्र आक्रोशको ज्वाला दन्केको । 'त्यतिवेला जतातते विद्रोह र अधिकारका कुरा भइरहेका थिए,' राउत मधेस आन्दोलनको संक्रमणकालीन त्यो समयलाई सम्झन्छन्, 'त्यो घटनामा एसपीकै संलग्नता थियो । मधेसीहरूलाई दमन गर्न प्रहरी प्रमुखले नै आदेश दिएको भिडियो सार्वजनिक भएको थियो । राज्य नै यसरी दंगा गर्न लागेपछि मलाई यहाँ मधेसीको भविष्य छैन भन्ने महसुस भयो । त्यसपछि हो, मैले चरम विद्रोहमा ओर्लिएर स्वतन्त्र मधेसको कुरा उठाएको । राज्य पुनर्संरचना कि स्वतन्त्र मधेस भनेर मैले पर्चा नै बनाएर आन्दोलन सुरु गरेँ ।'

मधेस अलग देशको अभियानपछि राउत राज्यका नजरमा दुस्मन नै भए । लुकेर हिँड्ने अवस्था बन्यो । भन्छन्, 'म भाषणभन्दा पनि इतिहास बताउने गर्थेँ । उत्पीडित मधेसीमाझ पुगेर हाम्रो इतिहास यो थियो, यसकारणले उपनिवेशिक शासन छ, प्रमाण यस्ता छन् भनेर तथ्यगत रूपमा सूचना दिन्थेँ । त्यही कारण राज्य डरायो । त्यतिवेला राज्यले सचेत भएपै मलाई पटक-पटक पक्राउ गरिरहेको थियो ।'

२४ पटक थुनामा

स्वतन्त्र र स्वायत्त मधेस अभियानका कारण राउत सन् २०१४ देखि तीन वर्षको अवधिमा करिब २४ पटक हिरासतमा बसे । दुईपटक जेलमा परे । एकपटक डिल्लीबजार कारागार, अर्कोपटक गौर कारागार हुँदै केन्द्रीय कारागार ।

> ऋतिक रोशन काण्ड मेरो जीवनकै टर्निङ पोइन्ट बन्यो । तर, त्यसपछि पनि मैले मानसिक विद्रोह मात्रै गरेँ । म कहिल्यै पनि भौतिक हिंसाको पक्षमा थिइनँ । तर, सत्य के हो भने त्यो घटनापछि मेरो व्यक्तित्व नै नयाँ ढंगले विकास भयो । आज मेरो जस्तो व्यक्तित्व बन्यो, त्यसमा त्यो घटनाको ठूलो हात छ ।'

पहिलोपल्टको पक्राउ उनको मस्तिष्कमा अझै ताजै छ । मोरङमा सन्थालहरूको वार्षिक मेला थियो । सन्थालको इतिहास बताउन उनी त्यहाँ गएका थिए । 'जो हजारौं बिघाका मालिक थिए, उनीहरू आज कसरी भूमिहीन भए,' त्यहाँ उनी यसबारे सन्थालहरूलाई बताउँदै थिए । सन्थालहरूलाई भड्काएको भनेर पहिलोपल्ट त्यहींबाट उनी पक्राउ परे । भन्छन्, 'त्यसअघि म कहिल्यै प्रहरीचौकी छिरेको थिइनँ । कहाँ लगे, त्यो पनि खासै याद छैन । जोगबनी बोर्डरनजिकै प्रहरी हिरासतमा लगेर राखेछ ।'

सशस्त्र समूहको बिगबिगी थियो त्यो समय । राउतको समूहलाई राज्यले त्यही रूपमा शंका गर्थ्यो । उनीहरूसँग हतियार छ भन्ने राज्यको आशंका थियो । त्यहीकारण प्रहरीले पटक-पटक यातना र दबाब दिइरहन्थ्यो । 'तर, हामी सजग थियौं,' राउत सम्झन्छन्, 'सुरुदेखि नै सशस्त्र समूहसँग कुनै पनि फोन सम्पर्कसम्म गरेका थिएनौं । त्यसैले १० वर्ष अनुसन्धान गर्दा पनि प्रहरीले कुनै प्रमाण भेट्न सकेको छैन ।'

महानगरीय प्रहरी कार्यालय काठमाडौं हनुमान ढोकाको हिरासतमा जाँदा सुरुका केही दिन उनलाई अन्य थुनुवासँग नजर मिलाउन पनि दिइएन । अलग देशको एजेन्डा सुनेर होला उनलाई हिरासतमा पनि हेर्ने दृष्टिकोण अलि फरक थियो । 'मबाहिर सोचेभन्दा विनम्र मान्छे हुँ,' राउत सम्झन्छन्, 'तर, हिरासतभित्र पनि सुरुको तीन-चार दिन सबैले आक्रामक दृष्टिकोणले हेरे । तर, अहिले मिडियालाई जसरी रियलाइज भएको छ, प्रहरी र थुनुवाहरूले पनि तीन-चार दिनमै महसुस गर्थे । अनि खुकुलो गर्थे । नत्र सुरुमा मसँग नजर मिलाउन पनि निषेध गरिएको थियो । न मैले कसैलाई हेर्न सक्थेँ, न अरूले मलाई हेर्थे ।'

बाध्यताले मूलधारको राजनीतिमा

०७४ को निर्वाचनताका, जतिवेला राउत समूहले निर्वाचन बहिष्कार गऱ्यो, त्यही वेला उनीहरू मूलधारको राजनीतिमा फर्किने निष्कर्षमा पुगिसकेका थिए । कारण, राज्यले उनीहरूमाथि गरिरहेको कडाइ । 'यतिसम्म कि हामी कुनै सामाजिक कार्य पनि गर्न सक्दैनथ्यौं, पक्राउ गरिहाल्थे,' राउत सम्झिन्छन्, 'हामीलाई सामाजिक रूपमा बहिष्करणमा पारिएको थियो । कसैले घरभित्र छिर्न पनि दिँदैनथे । डेरामा जाँदा मान्छे डराउँथे । साथीभाइ, नातेदार कसैले चिन्छु भन्दैनथे । यस्तो भोग्दा साह्रै चित्त दुख्थ्यो ।'

पटक-पटक पक्राउ परिरहने राउत मुस्किलले वर्षमा दुई-तीनपटक थुनाबाहिर निस्किन्थे । तर, फेरि पक्राउ गरिहाल्थे । यतिसम्म कि जनचेतना फैलाउने र संगठन विस्तार गर्ने अवस्था पनि भएन । 'हामी त खालि एउटा रहस्यमय पात्रका रूपमा सीमित भयौं,' राउत भन्छन्, 'जनता स्वयं थकित अवस्थामा देखिए । समर्थकहरू पनि परिवर्तन हुँदै गए । यसरी सकिँदैन, अब मूलधारको राजनीतिमा आउनुस् भन्न थाले । हुँदाहुँदा संघीयताविरोधीको आरोप नै लाग्न थाल्यो । आएको संघीयता पनि हाम्रै कारणले गुम्ने खतरा बढ्यो भन्ने कार्यकर्तास्तरबाटै दबाब बढ्न थाल्यो । त्यसपछि हामी मूलधारमा आउन बाध्य भयौं ।'

पक्राउ पुर्जी जारी भइरहेका वेला राउत समूहले असोज ३ गते जनकपुरमा कालो दिवस मनाउने कार्यक्रम तय गरेको थियो । राउतलाई थाहा थियो, म पक्राउ पर्न सक्छु । तर, कार्यकर्ताको ऊर्जा कम नहोस् भनेर उनी त्यस दिन कार्यक्रममा गए । आमसभा सफल पनि भयो । ठूलो मास भएका कारण प्रहरीले उनलाई त्यहाँबाट पक्राउ गर्न सकेन । तर, त्यसको १० दिनपछि घरमा ताल्चा फोडेर प्रहरीले उनलाई पक्राउ गऱ्यो । त्यसपछि करिब ६ महिना उनी जेल बसे । पक्राउ पर्नुअघि नै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पहलमा वार्ता समितिसँग उनको कुरा भइरहेको थियो । जब मूलधारको राजनीतिमा आफ्नो सहमति भयो, त्यसपछि उनी जेलबाट छुटे ।

ओशोसँग सान्निध्य, सन्न्यासी जीवन

आध्यात्मिकतातिर राउतको पहिल्यैदेखि लगाव थियो । उनलाई लाग्छ, अध्यात्मले उनलाई धेरै बलियो बनाएको छ, नत्र उनको जीवनमा साह्रै निराशा हुन्थ्यो । भन्छन्, 'मलाई थाहा छ, म कुन स्तरको इमानदारिताका साथ मधेसका जनताका लागि लागेको थिएँ । तर पनि धेरैले साथ दिएनन्, उल्टै नानाथरी आरोप लगाए । बहुसंख्यकले आरोप नै लगाए, एक-दुई प्रतिशत मात्रै मेरो पक्षमा थिए ।'

यहीकारण बीचमा मूलधारको राजनीतिमा प्रवेश गरेर जनमत पार्टी खोलेसँगै उनी सन्न्यासी बन्न ओशो तपोवनतिर पनि लागे । आफैं सांसद बन्ने रहर थिएन उनमा । तर, सन्न्यास लिनेबित्तिकै कार्यकर्ताले तपोवनमै पुगेर गुनासो गर्न थाले, 'हामी गन्तव्यविहीन भयौं, तपाईंले अलपत्र छाड्नुभयो । तपाईं अब फर्किनुपऱ्यो ।'

त्यसपछि उनी पुनः सक्रिय राजनीतिमा फर्किए । चुनाव उठे । मधेस आन्दोलनबाट स्थापित नेता उपेन्द्र यादवलाई हराउँदै सांसद बने । सरकारमा जाँदै गर्दा उनलाई स्वयं मन्त्री बन्ने अवसर नआएको होइन । तर, पार्टीका समानुपातिक सांसद अब्दुल खानलाई मन्त्री बनाए । धेरैले उनीसँग जिज्ञासा राख्छन्, 'तपाईं आफैं किन मन्त्री नभएको ?' जवाफमा मुस्कुराउँदै उनी भन्छन्, 'म पनि मन्त्री हुन गएँ भने अरू नेताजस्तै भइहाल्छु नि ! म सचेत छु, सत्तालिप्त हुनुहुँदैन । किनभने सत्ताभोकमै रमाउँदा मधेस आन्दोलनको हविगत के भयो, मैले बुझेको छु ।'

रारा पुगेर कर्णाली नियाल्दा







मुना कुँवर
munakunwar012@gmail.com

यात्रा

कालिकोट मान्मको ओरालो झर्दै गर्दा अचानक सडकको माथिको ढिस्कोबाट एकजना बालिका हाम्रो गाडीअगाडि हामफालिन् । रिदमले झ्याम्प गाडीको ब्रेक लगाए । हामी झसंग भयौं । करिब ११ वर्षकी बालिका दुवै हात दायाँ-बायाँ फैलाएर हाम्रो गाडीलाई छेकिन् । दुब्लो र मैलो शरीर, फुंग उडेको कपाल, शरीरमा पातलो र ठाउँ-ठाउँमा प्वाल परेको स्विटर, कुर्था र सुरुवाल लगाएकी खाली खुट्टे उनी हाम्रो अगाडि उभिइन् ।

रिदमले ती बालिकालाई बाटो छोड्न इसारा गरे । तर, उनी डेग चलिनन् । उनी झन्झन् गाडीको नजिक आइन् । तर, बाटोबाट हटिनन् । ईश्वरी अंकलले अनुमान गर्नुभयो- यिनले पैसा नै खोजेकी हुन् । त्यसपछि नारायणी र मेरीले पकेटबाट पैसा निकाले । पैसा देख्नेबित्तिकै उनी झ्यालमा आइन् । हामीले उनको हातमा पैसा राखिदियौं । अनि उनले बाटो छोडिन् । पैसा पाएपछि उनी दौडेर माथिल्लो ढिस्कोमा चढिन् । अनि खुसी हुँदै हात हल्लाएर हामीलाई बाई भनिन् ।

रिदम हाम्रो गाडीको चालक हुन् । हामी मुगु जिल्लाको रारासम्म पुगेर फर्कँदै थियौं । रिदमलाई गीत गाउन खुब मन पर्छ । उनले बाटोभरि गाडीमा मीठामीठा गीत बजाए । अंग्रेजी, लोक, पप, च्याप, रोमान्टिक र पुराना गीत पनि सुनाए । उनले बजाएका अधिकांश गीत मलाई मनपर्ने थिए । त्यसैले यात्रा संगीतमय भयो ।

पैसा पाएपछि ती बालिका खुसी भइन्, हामीलाई हात हल्लाएर बिदा गरिन् । तर, मेरो मन भने उनीसँगै त्यही ढिस्कोमा अड्किरह्यो । ती बालिका को होलिन् ? तिनका आमाबुबा कस्ता होलान् ? तिनको घर कस्तो होला ? यस्तो चिसो ठाउँमा त्यस्तो पातलो कपडा किन लाएकी होलिन् ? तीनले खान पाउँछिन् कि पाउँदिनन् ? स्कुल जान्छिन् कि जान्नन् ? यस्तैयस्तै प्रश्नले मन चिमोटिरह्यो ।

विकटताको सुन्दरता रारा

स्वर्गकी अप्सरा भनेर चिनिने रारासम्म पुग्ने मेरो रहर भने यसपटक पूरा भयो । यसपटकको मेरो यात्रा खास थियो । कारण राखी र नारायणी हुन् । वर्षौंपछि हामीलाई सँगै यात्रा गर्ने संयोग जुरेको थियो । १२ वर्षअगाडि म काठमाडौं छिरेपछि राखी र नारायणीबाट टाढा भएँ । केही वर्षपछि राखी पनि काठमाडौं पसी । कुनै वेला हामीलाई आपसमा छुटिन साह्रै गाह्रो पर्थ्यो । दिन त के रातभरि पनि हाम्रा गफ सकिँदैनथे । तर, समयसँगै जिम्मेवारी पनि बढ्दै गयो । हाम्रो सम्बन्ध औपचारिकतामा मात्रै सीमित हुनपुग्यो । नारायणी पोखरामै थिइन् । त्यसैले उनीसँग बिरलै भेट हुन्थ्यो । तर, राखी काठमाडौंमै हुँदासमेत हाम्रो भेट महिनौपछि मात्रै हुन्थ्यो । तर, यो यात्राले फेरि हामीलाई विगतमा पुऱ्याइदियो ।

चैतको २८ गते हामीले काठमाडौंदेखि रारासम्मको यात्रा सुरु गर्‍यौं । नेपाल ट्राभल एजेन्जीमार्फत हामी रारा जाँदै थियौं । हामीसँग अन्य पाँचजना पनि हुनुहुन्थ्यो । हाम्रो यात्राको अवधि एक साताको थियो । ट्राभल एजेन्सीबाट जाने हुँदा हाम्रा सबै कार्यक्रम निश्चित थिए । पहिलो दिन हामीलाई सुर्खेत पुग्नुपर्ने थियो । तर, विभिन्न कारणले हामी भालुवाङसम्म मात्रै पुग्यौं । दोस्रो दिन हामी मान्मा पुग्नु थियो ।

भालुवाङदेखि सुर्खेतसम्मको यात्रा सहज नै भयो । तर, उकालो लाग्दै जाँदा यात्रा रोमाञ्चक भयो । अलिकति डर, थोरै त्रास साथमा केही रोचक अनि उत्सुकता थियो । यात्राकै क्रममा धेरै अनौठो र नयाँ दृश्य देखियो । दायाँतर्फ ठूलो अनि अजंगको पहाड, बायाँ साइडमा खोला अनि बीचमा एउटा गाडी मात्रै गुड्न मिल्ने सडक । विपरीत दिशाबाट गाडी आयो भने फराकिलो ठाउँ हेरेर साइड दिनुपर्ने ।

तेस्रो दिन, हामी मान्मबाट रारासम्मको यात्रा तय गर्ने भयौं । रारासम्मको यात्रा भन्नै रोमाञ्चित थियो । दायाँतर्फ ठूलो पहाड, बायाँतर्फ कहालिलाग्दो भिर बीचमा कच्ची सडक । चालकलाई गल्ती गर्ने कुनै छुट नै थिएन ।

ठूला पहाड, ठूलो भिर हुँदै सिन्जा भ्यालीदेखि तिला नदीको किनारैकिनार हामी हिँड्यौं । जब डरलाग्दो ठाउँ आउँथ्यो, गाडीमा सबै चुपचाप हुन्थ्यौं । सबैको अनुहारमा डर र खुसी एकैपटक देखिन्थ्यो । शरीरलाई गाडीभित्रै टसाउँदै सबैका आँखाले भने भिर नियालिरहेका हुन्थे । मेरीको अनुहारमा भने कुनै डर देखिएन । जतिवेला पनि उनमा उत्साह देखिन्थ्यो । उत्साह पनि किन नहोस्, उसलाई यात्रा गर्ने सोख थियो ।

मेरी हेटौंडादेखि हामीसँगै यात्रा गर्न मिसिएकी थिइन् । उनलाई हामीले नारायणघाटमा रिसिभ गरेका थियौं । उनी हेटौंडास्थित विद्युत् कार्यालयमा काम गर्छिन् । रारा जानका लागि उनले धेरै साथीलाई भनेकी रहिछन् । योजना बनाउने वेलामा धेरैजना साथीले साथ दिए पनि जाने वेलामा भने उनी एक्लै परिछिन् । त्यसैले यसपटक उनले कसैलाई नभनी ट्राभल एजेन्सीबाट रारासम्मको यात्रा गर्ने आँट गरेकी रहिछन् । साथीहरूले धोका दिएको गुनासो उनले हामीलाई बाटोमा पोखिन् । जहाँजहाँ गाडी रोकिन्थ्यो, मेरी त्यहाँत्यहाँ फोटो खिच्थिन्, टिकटक बनाउँथिन् । अनि भन्थिन्,'यो फोटो र टिकटक देखाएर मलाई धोका दिने साथीलाई जलाउन चाहन्छु ।' गाडीभरि हाँसोको फोरा छुट्यो ।

तेस्रो दिन करिब चार बजेतिर हामी रारा राष्ट्रिय निकुञ्जको प्रवेशद्वार पुग्यौं । टिकट काटेर हामी अगाडि बढ्यौं । अब भने हामी रारानजिक पुगेका थियौं । जतिजति नजिक पुग्थ्यौं, हाम्रो व्यग्रता त्यतित्यति नै बढ्थ्यो । हामी बाटोमा भेटिने प्रत्येक व्यक्तिलाई सोध्थ्यौं, अब रारा आइपुग्न कति समय छ ? तर, जति अगाडि बढ्यो त्यति नै जंगल र पहाड देखिन्थे । एउटा पहाड कटेपछि अब त आउला भन्यो, फेरि अर्को पहाड आउने । घरीघरी त होइन, हामी गलत बाटो पो आयौं कि भनेर अलमल पनि पर्थ्यौं । त्यसो भन्दाभन्दै हामी फेदीमा पुग्यौं । तर, त्यतिवेलासम्म हामीले ताल भने देखेका थिएनौं । गाडीबाट उत्रनेबित्तिकै स्थानीय युवाहरू घोडा लिएर आइपुगे । हामी अलमलमा थियौं । रारा आइ त पुगियो, तर अझै रारा देख्न पाइएको छैन । हामीले तिनै युवाहरूलाई सोध्यौं, 'अब कति टाढा छ रारा ?' उनीहरू भन्थे, '१० मिनेटमा पुगिन्छ ।'

हामी रारा‌बाट १० मिनेटको नजिकमा थियौं । झनै उत्सुकता बढ्यो । हामी बस्ने डाँफे रिसोर्ट तालको छेउमै थियो । त्यसैले हामी घोडा चढेर होटेलतर्फ लाग्यौं । 'यस्तो जंगलभित्र रारा कसरी हुन सक्छ ?' मैले घोडाका मालिकलाई सोधेँ । उनले भने,'नआत्तिनुस् न दिदी । यो जंगल थोरै छ । जंगल सकिनेबित्तिकै रारा देख्न पाउनुहुन्छ ।'

घोडाले हामीलाई ओरोलो बाटो हुँदै लग्यो । ओरोलोमा घोडाभन्दा अगाडि हाम्रो शरीर हुत्तिन्थ्यो । घरीघरी कतै यो घोडाले पछार्ने त होइन भन्ने पनि लाग्यो । तर, घोडाका मालिकले भने म छु नि, म हुँदाहुँदै घोडाले केही गर्दैन भन्थे ।

नभन्दै करिब १० मिनेटको घोडचढीपछि राराको एकछेउ देखिन थाल्यो । जतिजति अगाडि बढ्यो, राराको दृश्य उत्ति नै देखियो । जंगल कटेपछि ठूलो पाटनमा पुग्यौं । त्यही पाटनबाट राराको पूरै दृश्य देखियो । हामी एकछिन पाटनको बीच अडियौं । राराको एकछेउदेखि अर्कोछेउसम्म आँखा फैलायौं । तर, साँझ परिसकेकाले हामी होटेलतर्फ लाग्यौं ।

०००

०७९ वैशाख १ गते नयाँ वर्षको पहिलो सूर्यको किरणलाई हामीले राराबाट नै नियाल्यौं । बिहान ५ बजे नै हामी उठेर कोठाबाहिरको बार्दलीमा बस्यौं । जाडोमा सुकसुकाउँदै म सूर्य उदाउने पर्खाइमा थिएँ । करिब ६ बजेतिर सूर्य बिस्तारै उदाउन थाल्यो । सूर्यको किरण रारामा पर्दा देखिने सुनौली रंगको दृश्यले मनलाई आनन्दित बनायो । राखी र मैले सूर्य र राराको संयोजन बनाई फरकफरक खालका तस्बिर पनि लियौं ।

त्यसपछि हामी तालको छेउमा पुग्यौं । हातमा तातो कफी थियो । बिहानको चिसोले शरीर कमाउँदै थियो । कफीको गिलासलाई दुई हातले समात्यौं । आफूलाई तातो बनाउने कोसिस गर्‍यौं । कफी पिउँदै राराको किनारैकिनार हिँड्यौं । अनि एकठाउँमा टक्क उभिएर रारालाई अघाउन्जेल हेर्‍यौं । हाम्रा लागि ताल नै देख्नु र हेर्नु नयाँ कुरा थिएन । फेवाताल र वेगनाश ताल हेरेर हुर्किएका हामीलाई ताल नौलो विषय भएन । तर, रारले जसरी मन लोभ्यायो त्यसरी फेवा र वेगनाशले कहिल्यै लोभ्याएको थिएन । हामीले तालको एउटा कुनामा बसेर तालको अर्को कुनासम्म हेर्‍यौं । कहिले रारालाई पछाडि, कहिले अगाडि, कहिले दायाँ र कहिले बायाँ पार्दै थुप्रै फोटा लियौं । रारा शान्त छ विशाल छ । हामीसँग वर्षौंदेखिका कुरा थिए । तर, राराको किनारमा पुगेपछि हामी मौन भयौं । अब हामीसँग बोल्नका लागि केही थिएन । कुरा गरेर नथाक्ने हामी त्यो दिन भने शान्त थियौं । हामीसँग कुरा गर्ने अन्य विषय नै थिएनन् । थियो त केवल रारा जसलाई अँगालोभरि लिएर आनन्दित भयौं ।

कर्णालीका कष्ट

रारा घुम्न बर्सेनि सयौं आन्तरिक पर्यटक पुग्छन् । तर, एकपटक पुगेपछि सायदै अर्कोपटक फेरि रारा जाने रहर भने कमैले मात्र गर्छन् होला । कारण कर्णालीको भौगोलिक विकटता ।

कर्णालीको विकासको मुख्य बाधक भनेको भौगोलिक विकटता हो । विकटताकै कारण कर्णालीमा अझै पनि सडक सञ्जाल विस्तार हुन सकेको छैन । भर्खरै बन्दै गरेको सडक समयमा नै निर्माण हुन नसक्दा यातायात दुर्घटना जोखिम बढ्दै गएको छ ।

मानिसका लागि आवश्यक आधारभूत सेवा-सुविधा स्वास्थ्य, शिक्षा र सञ्चारसमेत कर्णालीमा पुग्न सकेको छैन । अस्पतालको अभावमा अझै पनि महिलाहरू घरमा र बाटोमा नै प्रसव पीडाले ज्यान गुमाउनुपर्ने अवस्था छ । त्यस्तै, विद्यालयको अभाव छ । भएका विद्यालयमा पनि दरबन्दी शिक्षकसमेत पुग्दैनन् । जेनतेन एसएलसीसम्म अध्ययन गरे पनि उच्च शिक्षा अध्ययनका लागि सुर्खेत र नेपालगन्ज पुनुपर्ने बाध्यता छ ।

> कर्णालीका युवाहरू आम्दानीका लागि भारतका विभिन्न सहरमा जान्छन् । रारा ताल हेर्नका लागि आउने पर्यटकका कारण वर्षमा मुस्किलले चार महिनामा घोडा चलाएर नै आम्दानी हुन्छ । तर, बाँकी महिना भने काम केही हुँदैन ।

कर्णालीमा कृषिमै निर्भर भई जीविका चलाउन कठिन छ । कर्णालीका युवाहरू आम्दानीका लागि भारतका विभिन्न सहरमा जान्छन् । रारा ताल हेर्नका लागि आउने पर्यटकका कारण वर्षमा मुस्किलले चार महिनामा घोडा चलाएर नै आम्दानी हुन्छ । तर, बाँकी महिना भने काम केही हुँदैन । त्यसैले भारतका विभिन्न सहरमा जाने गरेको स्थानीय युवा रवीन्द्र रोकायले बताए । उनका अनुसार कर्णालीका अधिकांश युवा आम्दानीका लागि भारत पुग्छन् । 'म ६ महिना दिल्ली बसेर आएको हुँ,' उनले भने ।

'दिल्लीमा त राम्रो आम्दानी भयो होला नि ?' मैले सोधेँ ।

'के गर्नु दिदी, आफ्नै देशमा त ठगिन्छौं हामी, अर्काको देशमा त कसरी न्याय पाउँथ्यौं र ? ६ महिना एउटा होटेलमा भाडा माझ्ने, तर साहुले खान र बस्नबाहेक एक रुपैयाँ पनि दिएन । अर्काको देशमा कोसँग झगडा गर्नु, रित्तै फर्किएँ,' उनले पीडा पोखे ।

कर्णाली स्याउ, च्याउ र झ्याउको भण्डार मानिन्छ । कर्णालीसँग जलस्रोतको ठूलो भण्डार छ । कर्णालीमा करिब २१ हजार मेगावाट जलविद्युत् क्षमता रहेको हुनाले कर्णालीलाई सेतो सुनको खानी भनिन्छ । कर्णालीमा फापर, कोदो, स्याउ, ओखर, बोडी उत्पादन हुन्छ । त्यस्तै, रारा र गहिरो से-फोक्सुन्डो ताल छ ।

कर्णालीमा उत्पादन हुने वस्तुको उचित बजार हुन नसक्नु र यहाँको सौन्दर्यताको उचित प्रचारप्रसार हुन नसक्दा विकासका ढोका खुल्न सकेका छैनन् ।

कर्णालीलाई तराई या अन्य क्षेत्रसँग जोड्ने एकमात्र मार्ग भनेको जुम्ला-कालिकोट सडक हो । जसले कर्णालीलाई सम्बन्ध विस्तार गर्न सघाएको छ । तर, अझै पनि कर्णालीका दुई जिल्ला हुम्ला र डोल्पा राष्ट्रिय सडकको पहुँचभन्दा बाहिर छन् । यी दुई जिल्लालाई जोड्ने प्रयास भने अहिले पनि जारी छ ।

सहरभित्रै छ 'छाउघर'

'छोरा मान्छेको दाह्रीजुँगा आउँदा चर्चा गर्ने तर छोरी मान्छे महिनावारी हुँदा चुपचाप बस्नुपर्ने प्रचलन नै लैंगिक असमानताको एउटा चित्र हो ।'



संगीता पनेरू
sangitasahayatri@gmail.com

समाज

।। घटना १ ।।

दोलखा घर भई हाल काठमाडौं मनमैजु बस्दै आएकी निकिता (नाम परिवर्तन) १२ वर्षको उमेरमा प्रथम रजस्वला भइन् । उनले आफू रजस्वला भएको कुरा आफ्नी आमालाई सुनाइन् । आमाले उनलाई हत्तपत्त अर्को कोठामा लगेर राखिन् । बुबा र भाइको अनुहार हेर्न नहुने भन्दै नियमित बस्ने कोठामा नआउन भनिन् । निकितालाई त्यतिवेला जीवनकै सबैभन्दा बढी पीडा महसुस भयो । महिनावारी हुनु ठूलो अपराध गरेजस्तो लाग्यो । उनलाई भित्रभित्रै आत्मग्लानिले पोल्यो । मलाई छोरी बनाएर किन जन्माएको भनेर आमासँग प्रश्न गर्ने विचार गरिन् । तर, आँट गर्न सकिनन् । उनकी आमा कडा स्वभावकी थिइन् । आफ्ना हरेक दिनका गतिविधि बुबासँग साट्नुपर्ने निकितालाई बुबा भेट्न नपाउँदा झन् छट्पटी भयो । त्यसपछि उनले चिठीमा आफूभित्र गुम्सिएका सबै कुरा लेखेर पठाइन् । छोरीको पीडा बढेको देखेपछि उनका बुबाले आमालाई गाली गर्दै सामूहिक कोठामा ल्याउन आग्रह गरे । तर, उनकी आमाले बुबाको कुरा सुनिनन् । उल्टो पापधर्मको पाठ पढाउन थालिन् । आमाको जिद्दीका अगाडि कसैको केही नलागेपछि सुनिता पाँच दिनसम्म छुट्टै कोठामा बसिन् र छैटौं दिनमा सामूहिक कोठामा आउन पाइन् । उनलाई त्यो दिन ठूलै युद्ध जितेको भान भएको थियो ।

।। घटना २ ।।

बाग्लुङ घर भई हाल पोखरा बस्दै आएकी सीता १५ वर्षको उमेरमा प्रथम रजस्वला हुँदा १० कक्षाको परीक्षा चल्दै थियो । जब उनले आफू महिनावारी भएको कुरा घरमा सुनाइन्, उनकी आमाले प्याड लगाउन र सरसफाइमा ध्यान दिन सल्लाह दिइन् । तर, उनकी ७० वर्षीया हजुरआमाले छोरीलाई तुरुन्त लुकाउनुपर्ने बताइन् । उनकी आमा शिक्षिका भएकाले उनमा महिनावारी नियमित प्रक्रिया हो, छोइछिटो भन्ने कुरा अन्धविश्वास हुन् भन्ने चेतना थियो र उनले सामान्य ढंगले बुझिन् । तर, हजुरआमाले पापधर्मका कुरा निकालेर छोरीलाई नलुकाउने हो भने म तिमीहरूको घर बस्दिनँ भन्न थालेपछि सीता छुट्टै कोठामा बस्न थालिन् । उनकी आमाले उनलाई ढाडस दिँदै भनिन्, 'हामीले केही-केही कुरा परिवारको खुसीका लागि पनि मान्दिनुपर्ने रहेछ । यसमा दुःखी नहोऊ है ! यो महिनावारी केहि होइन । पापधर्म भन्ने कुरा बेकार हुन् । तर, तिम्री हजुरआमाले त्यही संस्कारमा जीवन बिताएर आउनुभएको छ । त्यसैले उहाँलाई हामीले जति गरे पनि सच्याउन सक्दैनौं । तिमीले हजुरआमाको खुसीका लागि यो गरेकी हौ । हामीले तिमीलाई बार्न बाध्य पारेका होइनौं ।'

।। घटना ३ ।।

भक्तपुर बस्दै आएकी झापाकी परिधिका प्रथम रजस्वला हुँदा खुब आत्तिइन् । उनले त्यो कुरा आमालाई भनिन् । आमाले उनलाई भनिन्, 'यो कुरा कसैलाई पनि नभन । गाउँमा हो भने तिमी आफ्नो घरमा बस्नु हुन्थेन । यस्तो वेलामा छोरीले घरको धुरी, बाबु, दाजुभाइ हेर्न हुँदैन भनिन्छ । तर, यहाँ सम्भव छैन । अरूलाई भन्यो भने हामीलाई कुरा काटेर बस्न दिँदैनन् । त्यसैले तिमीले कोही कसैलाई पनि आफू महिनावारी भएको नभन । मन्दिर र चुलोमा नजाऊ अलग्गै बस ।'

०००

माथिका तीन छुट्टाछुट्टै घटना हेर्दा गाउँका दूरदराजमा मात्रै नभएर विकसित सहरमा

एकता र विभाजनको दस्ताबेज



प्रा. कृष्ण पोखरेल
pokharelkrishna@gmail.com

समीक्षा

नेकपा एमाले र माओवादी केन्द्रमाझको पार्टी एकता र विभाजन नेपालको समकालीन राजनीतिक इतिहासको सबैभन्दा चर्चित एवं पीडादायक घटना हो । चर्चित यस कारण कि यी दुई पार्टीको एकताले नेपालको राजनीतिमा एउटा युगान्तकारी परिवर्तनको ढोका खोलेको थियो र पीडादायक यसकारण कि यिनको विभाजनले वामपन्थीहरूको मात्र होइन, यिनमाथि भर परेर यिनलाई जनादेश दिने मतदाताको विश्वासमाथि पनि ठूलो धोका भयो । डा. ढाकाराम सापकोटा लिखित यो पुस्तक यसै विषयको सेरोफेरोमा केन्द्रित भएकाले समयसान्दर्भिक र पठनीय छ ।

हुन त लेखकले पुस्तकको प्रतिपाद्य विषय दुई ठूला कम्युनिस्ट पार्टीहरू नेकपा एमाले र नेकपा माओवादी केन्द्रको एकता र विभाजनलाई बनाएको कुरा त्यसको शीर्षकले प्रस्ट्याउँछ । तर, पुस्तकमा समेटिएको विषयलाई हेर्दा यसको दायरा शीर्षकभन्दा निकै फराकिलो छ । पुस्तकमा जम्मा नौ अध्याय छन् । ती हुन्- नेकपाको स्थापना र विकासक्रम, नेकपाका दुई घटकः एमाले र माओवादी≤ ०६२-६३ पछिको बदलिँदो राजनीतिमा एमाले र माओवादी≤ संविधान जारी भएपछिका एमाले र माओवादी≤ चुनावी एकता परिणाम, सरकार र कामकारबाही, पार्टी एकतापछिको नेकपा, संसद् विघटन र त्यसपछि≤ सर्वोच्चको फैसला र नेकपा विभाजन र निष्कर्ष । यस हिसाबले हेर्दा मोटो रूपमा लेखकले नेपालको कम्युनिस्ट आन्दोलन र त्यसको विकासक्रम माथि नै विहंगम दृष्टिपात गरेका छन् । यति हुँदाहुँदै पनि यी सबैको केन्द्रभागमा एमाले र माओवादी नै छन् ।


डा. सापकोटाको ठम्याइ के छ भने यी दुई पार्टीको एकता जति आवश्यक थियो त्यसलाई नेतृत्व गर्ने प्रमुख नेताहरू केपी ओली र प्रचण्डको भित्री मनसाय भने त्यत्ति नै खोटपूर्ण थियो । त्यसैले उनी आफ्नो ठम्याइ राख्दै भन्छन्- 'भारतले नाकाबन्दी लगाएका वेला प्रधानमन्त्री ओलीले लिएको अडानले जनतामा राम्रो छाप परेको थियो । त्यसैका आधारमा निर्वाचन जितेर सत्तामा पुग्ने हिसाबले अघि बढेका ओलीलाई स्थानीय तहको निर्वाचन परिणामले झस्काउनु स्वाभाविक थियो भने अर्कोतर्फ हत्तपत्त कसैको बहुमत नआउने स्पष्ट थियो नै । निर्वाचनअघि नै माओवादीलाई आफ्नो पक्षमा नल्याए विपक्षमा बस्नुपर्ने घटनाक्रमले देखाउँदै थियो । माओवादी नेपाली कांग्रेससँगै तालमेलका साथ अघि बढेको थियो । त्यसलाई छुट्याउन त्यस्तै खालको प्रस्ताव गर्नुपर्दथ्यो । फलतः विधि, पद्धति, सिद्धान्त र संगठनभन्दा पनि प्रधानमन्त्रीको पदलाई विषय बनाएर ओली र प्रचण्डबीच आधाआधा समय प्रधानमन्त्री हुने गरी अँध्यारो कोठामा बसेर सहमति गरे जुन सहमतिलाई कार्यान्वयन गर्नका लागि पार्टी एकीकरणको नारालाई अघि सारियो । यद्यपि निहित स्वार्थवश गरिएको एकता भए पनि पार्टी एकीकरण गर्ने कुरा आफैंमा नराम्रो थिएन । गतिशील अवस्थामा रहेका दुई पार्टीको एकतापछि नेकपा बनेको थियो । पार्टीको विधान थियो । पार्टीका विभिन्न कमिटी थिए । पार्टीलाई चलायमान बनाउने उद्देश्यले विधानमा बैठक बोलाउने समय नै किटान गरिएको थियो, तर पार्टी अध्यक्ष ओली बैठक राख्नै नखोज्ने, बैठक राख्न एकप्रकारले भन्ने हो भने

> महिनावारीका नाममा छोरीमाथि भएको विभेदबारे बोल्न अब ढिला भइसकेको छ। पुराना सोचाइ भएका मान्छेहरूलाई फेर्न नसके पनि हामीले हाम्रो सोचाइ फेर्नु जरुरी छ। महिनावारीका वेला गरिने छोइछिटोले बालिका तथा किशोरीहरू आफूलाई 'दोस्रो दर्जा'को नागरिक महसुस गर्न थाल्छन्।



यही रगतले संसार अगाडि बढेको रहेछ। जति पनि पुरुष छन्, राष्ट्रपति, प्रधानमन्त्री, बाउ, शिक्षक सबै यही रगतबाट जन्मिएका रहेछन्। महिनावारी त शक्तिको र गर्वको कुरा रहेछ। तर, महिनावारीको गलत भाष्यले विकसित भनिएको सहरमा पनि जरो गाडेको छ।

● **राधा पौडेल, अभियन्ता**



सृष्टिलाई निरन्तरता दिने तत्त्व कसरी पाप हुन्छ ? महिनावारी पाप होइन, जीवन प्रक्रियाको निरन्तरताका लागि आवश्यक कुरा हो। महिनावारीलाई सहरका सम्भ्रान्त र पढेलेखेका भन्नेहरूले नै पापका रूपमा बुझिरहेका छन्। हामी उदाहरणीय बनेर यो गलत चलनविरुद्ध अभियान चलाउनुपर्छ।

● **लक्ष्मी न्यौपाने, अधिकारकर्मी**

सिंहकल्पनगर एक प्राचीन सांस्कृतिक थलो



मल्ल के. सुन्दर
nepress@gmail.com
नेपालमण्डल



सिंहकल्पनगर काठमाडौं उपत्यकाभित्र मध्यकालीन कालखण्डको एक प्रसिद्ध ऐतिहासिक क्षेत्र थियो। हालको चर्चित व्यापारिक इलाका ठमेल अर्थात् थँबहि यसै सिंहकल्पनगर सरहदभित्र पर्ने प्रमुख केन्द्रका रूपमा रहयो। लिच्छविकालीन शासन प्रणालीअन्तर्गत प्रत्याभूत गरिएको स्थानीय स्वायत्त अधिकार प्राप्त अनेकन् पाञ्चालीहरू अस्तित्वमा थिए। काठमाडौंभित्रका विभिन्न भूभागमा बाह्रजना वैश्य थकुजुजुहरूको मातहतमा यस्ता पाञ्चालीहरू शासनसत्ता सञ्चालनमा रहेकोमा तीमध्ये एक सिंहकल्पनगर थियो।

सिंहकेतु थकुजुजुले शासनसत्ता चलाउँदै गर्दा सिंह सार्थवाह नाम गरेका त्यसै नगरका एक व्यापारी पाँच सयजना आफ्ना सहयोगीका साथमा वन्दव्यापारका लागि सिंहल राज्य भोटतिर लागेको थियो। यसबारे अनेकन् विवरण थरिथरिका अवदान तथा वंशावलीहरूमा पाइन्छन्। स्वयम्भू पुराणमा त यसबारे आख्यानात्मक विशेष विवरण पाइन्छ। हुयेन साङको पश्चिमतिर महायात्रासम्बन्धी वृत्तान्तमा नेपालमण्डलका सार्थवहा पाँच सयजनाको जमातसहित तिब्बतको यात्रामा हिँडेको प्रसंग पाइन्छ। काठमाडौंमा लामो समय बिताएका तात्कालीन बेलायती दूत ब्रायन हडसनले जम्मा गरेर एसियाटिक सोसाइटी, कलकत्ता पुऱ्याइएका लिखत तथा वंशावलीहरूमा पनि यसबारे चर्चा गरेको भेट्टाइन्छ।

चावहिल धनद्वः चैत्यको विवरणमा भेटिने सार्थवाह सुन्दर, मानदेवको देउपाटनस्थित अभिलेखमा चर्चित सार्थवाह रत्नसंघ, टेबहालमा भेटिएको शिलालेखमा उल्लेखित सार्थवाह गुह्यमित्र आदिका अस्तित्वबाट लिच्छविकालमा नेपालमण्डलबाट समय-समयमा व्यापारका सिलसिलामा सार्थवाहहरू टाढा-टाढा पुग्ने गरेको ऐतिहासिक पुष्टि हुन्छ। सिंह सार्थवाह तिनैमध्ये एक चर्चित व्यापारी, जो नेपालमण्डलभित्र सिंहकल्पनगरका बासिन्दा थिए।

नेपालमण्डलका रैथानेमाझ प्रचलित लोकाख्यानले भन्छ- व्यापारका सिलसिलामा ल्हासा पुग्दा त्यहाँका सुन्दरीहरूसँग सिंह सार्थवाह र उनका मित्रजनहरू नराम्रैसँग लसपसमा परे। कुनै एक रात लोकेश्वर करुणामय कोठामा बालेको दियोको उज्यालोमा प्रकट भईकन उनीहरूले संगिनी बनाएर बसेकी महिलाहरू वास्तविक रूपमा नरभक्षी राक्षसनी भएको कुरामा सचेत गराए। साथै जीवन सुरक्षार्थ चुपचाप त्यहाँबाट भाग्नका लागि सुझाएर करुणामयले एउटा वायुपंखी घोडा र आफ्नै चन्द्रहाँस खड्ग पनि उपलब्ध गराए। चुपचाप सखारै त्यसै वायुपंखी घोडामा सवार भएर उनी आफ्ना सम्पूर्ण मित्रजनसहित नेपाल देशातिर लागे। तर, त्यस वायुपंखी घोडामा सवार हुँदा जजसले पछाडि मुन्टो बटारेर चियो गर्न खोजे ती सबैलाई पिछा गर्दै आइरहेकी राक्षसनीहरूले लतारेर आ-आफ्नो आहार बनाए। सिंह सार्थवाहले भने संयमित भएर पछाडि फर्केर हेरेनन्, उनी सुरक्षित घर पुगे, तर अरू कोही जीवित रहेनन्।

आख्यान यात्तिकैमा अन्त्य हुँदैन, नरभक्षीहरूमध्ये एकजना साथमा नवजात शिशुसहित अनेकन् जुक्ति गरेर सिंहकल्पनगर छिर्न सफल भइन्। मायावी सौन्दर्यको मोहमा फसेर राजाले उनलाई आफ्नै दरबारभित्रै बस्ने व्यवस्था गरे। तर, मौका छोप्दै ती राक्षसनीले ताम्रद्वीप (भोट)बाट आफ्ना अरू पनि साथी संगिनीहरूलाई सिंहकल्पनगर बोलाएर दरबारभित्र हुल्न लगाए। अनि दरबारभित्र राजारानीसहित जो-जति थिए, सबै उनीहरूका आहारा बने। यस घटनाको सुईंको पाएपछि हातहतियार सुसज्जित भईकन साहसपूर्वक सिंह सार्थवाह दरबारभित्र छिरे, त्यहाँ रहेका राक्षसगण सबलाई सखाप गरीकन नगरको आवश्यक सुरक्षा जिम्मा आफैंले लिए। त्यस घटनापछि सिंह सार्थवाह एकजना सफल व्यापारीको रूपमा मात्र नभई नगरका सुयोग्य रक्षकको रूपमा पनि स्थापित भए। नरभक्षी राक्षसगणका कारण राजपरिवारको वंशनाश भएपछि स्थानीय बासिन्दाहरूले अन्ततः उनलाई नै सिंहकल्पनगरको शासकको आसनमा बसाए।

यद्यपि यस्ता वृत्तान्तहरूमा नायक, महानायकहरूका चरित्रलाई रोमाञ्चित बनाउन अतिशयोक्तिपूर्ण, अलौकिक र आलंकारिक ढंगबाट प्रस्तुत गरिने गरिन्छ, जुन ती दिनका सामान्य प्रचलन नै हुन्। सिंह सार्थवाहको आख्यान पनि यसबाट मुक्त थिएन होला।

बर्लिन भारतीय कला जर्मन संग्रहालयमा नेपालमण्डलबाट लगिएको एउटा बिलंपौ (लामो कपडामा लेखिएको रंगीन कथानक चित्रमाला) अझै सुरक्षित छ। त्यसको लम्बाइ ११.४ मिटर तथा चौडाइ ०.५५ मिटरको छ। कुल ८० वटा विभिन्न खण्डमा विवरणात्मक लिखतसहित आकर्षक चित्रहरूबाट सिँगारिएका छन्। सिंहकल्पनगरका सिंह सार्थवाह र उनले गरेको ल्हासाको यात्रा अनि राक्षसगणको आक्रमण आदिबारे सचित्र कथानक यसमा वर्णन गरिएका छन्। उक्त बिलंपौ थकुजुजु हर्षद्वारा चढाइएको कुरा पनि त्यसमा उल्लेख गरिएको छ। यद्यपि ती थकुजुजु हर्ष कुन हैसियतका व्यक्ति हुन् भन्ने स्पष्ट छैन। दुःखको कुरा अढाई सय वर्षअगाडि नै त्यो मूल बिलंपौ चोरी भयो, अहिले त्यसैको प्रतिलिपि मात्र विहारमा राखिएको छ। स्विडेनका विद्वान् समाजशास्त्री डा. सिग्फ्रेड लिनहार्डले त यिनै बिलंपौका आधारमा सिंह सार्थवाहका सम्बन्धमा जर्मन भाषामा विषद् अध्ययन गरेर छुट्टै एक शोधकृति नै प्रकाशित गरेका छन्।

त्यसैगरी संयुक्त राज्य अमेरिका, म्यासुच्युसे राज्यस्थित कलेज अफ होली क्रसका प्राध्यापक डा. टड लुइसेले पनि सिंह सार्थवाहसम्बन्धी एउटा रैथाने बौद्ध अवदान भेट्टाएको र त्यसबारे विस्तृत शोधपत्र नै तयार पारेका छन्।

ठमेलवासी प्रधानहरू सिंह सार्थवाहलाई आफ्ना पुर्खा-पूर्वजका रूपमा आजु (अग्रज) भन्दै नित्य आराधना गर्छन्। कुनै समय सिंहकल्पनगरका बासिन्दामाथि संकट आइपर्दा अघि सरेर सुरक्षा प्रदान गरेको उक्त भूमिका सम्झँदै उनलाई गरु आजु अर्थात् गौरुड (समुदायलाई संरक्षकत्व प्रदान गर्ने, ठालु, मुखिया) वा सैन्य प्रमुखका अर्थमा त्यहाँका रैथानेले आज पनि उनको गरु जुजु वा गरु आजुको रूपमा सम्मान गर्दछन्। अनेकन् लोककल्याणकारी भूमिका र सामाजिक योगदानका कारण समुदायका लागि उनी पूजनीय भए। यद्यपि उनी व्यक्ति थिए, मानिस थिए। तर जनजनले व्यक्त गरेका असीम श्रद्धाले उनी 'भगवान्' बने।

उनी कुनै मिथकीय चरित्र थिएनन्, अभिलेख तथा प्रमाण/प्रमेयीहरूबाट सिंह सार्थवाह एक ऐतिहासिक विभूति रहेको पुष्टि गर्छ। लिच्छवि राजा भाष्करदेव (नेसं १६५ इस्वी १०४५) कान्तिपुरको शासनसत्तामा रहँदा उनको सुकीर्ति नेपालको भूभागभन्दा परसम्म व्यापक भइसकेको थियो। तिब्बती निल वृत्तान्तमा पाइने भिक्षु धर्मस्वामी (चाव लोत्साव)का जीवनीमा सिंहकल्पनगर अनि त्यहाँ निर्मित थम विहार(थँबहि)को विशेष चर्चा गरिन्छ। जुन विहारमा आठ वर्षसम्म बसेर धर्मस्वामी दीक्षित बनेका थिए। यस थम विहार (थँबहि)का निर्माता थिए- सिंह सार्थवाह। अझ प्रसिद्ध इतिहासकार लुसियानो पेटेकका अनुसार 'राजविहार' पनि कहलिएको सो विहार वास्तवमा बौद्ध विद्वान् दीपङ्कर श्रीज्ञान-अतिशाको सल्लाहमा बनाइएको थियो। भारतबाट तिब्बत भ्रमणमा जाने क्रममा अतिशाले त्यसै विहारमा एक वर्ष समय बिताएका थिए।

> फागुपूर्णिमाका वेला नेपालमण्डलभित्रको एउटा सांस्कृतिक थलो प्राचीन सिंहकल्पनगरमा भने बेग्लै तयारी हुन्छ। रीति, परम्परा र सांस्कृतिक मान्यताअनुसार पद्धतिबद्ध क्रममा त्यस दिन समुदायगत स्तरबाट सिंह सार्थवाहको अभिषेक र सिन्दुर जात्रा सम्पन्न गरिन्छ।

वर्तमान बंगलादेशको मुन्सिगन्ज जिल्लामा इस्वी ९२८मा जन्मेका अतिशा महायानी र वज्रयानी बौद्ध सम्प्रदायका शीर्षस्थ विद्वान् थिए। पालवंशीय राजा धर्मपालद्वारा विहारको भागलपुरमा स्थापना गर्न लगाएको विक्रमशील महाविहारका एक मुख्य पण्डित थिए, अतिशा श्रीज्ञान। मोहम्मद विन बख्तियार खिलजीको आक्रमणबाट विक्रमशील विहार ध्वस्त भए। त्यतिखेर तिब्बती राजा यसेओद्वारा केही आफ्ना दूत लगाएर अतिशालाई तिब्बत आउन निम्तो दिए। नेपालको बाटो भएर तिब्बत हिँडेका अतिशाले सिंहकल्पनगरमा त्यहाँका शासक सिंह सार्थवाहसँग मिलेर एक कलात्मक विहार बनाउन भ्याए। अनि आफू जुन विहारबाट आएको, त्यसैको अनुकरण गरीकन थम बही (थँबहि)लाई विक्रमशील महाविहार नामकरणसमेत गर्न लगाए। भनिन्छ, महायानी सम्प्रदायका मानिसले सम्पन्न गर्ने नित्यकर्म निर्देशिका बोधिपथ प्रदीप र चर्या संग्रह प्रदीप अतिशाले यसै विहारमा बस्दा रचेका थिए। बख्तियार खिलजीको ध्वंसबाट बचाएर आफूसँगै महत्त्वपूर्ण बौद्ध ग्रन्थहरू अध्ययन अध्यापनका लागि त्यसै विक्रमशील महाविरमा संग्रहित गर्न लगाए। तीमध्ये अत्यन्त महत्वपूर्ण ग्रन्थ थियो- प्रज्ञापारमिता !

महायानी बौद्ध सम्प्रदायमा आर्यअष्टांगिक मार्गको माध्यमबाट बोधिसत्वको अवस्थासम्म पुग्ने सूत्रहरूका संग्रह हुन्- प्रज्ञापारमिता ! शून्यताको बोध गर्दै प्रज्ञाको प्राप्ति यसको अभीष्ट हो। मध्यपूर्व एसियादेखि मंगोलिया, चीन, जापान, तिब्बतसम्म अनि अफगानिस्तान, पाकिस्तान, भारत, बर्मा, श्रीलंका तथा इन्डोनेसियासम्म विभिन्न भाषा र आकारमा प्रज्ञापारमिता सूत्र पाइन्छ। अन्दाजी १०० इसा पूर्वतिर विकसित भएका यी सूत्र प्रारम्भमा आठ हजार श्लोकमा सीमित थिए। तर, पछि क्रमशः यसमा नयाँ-नयाँ सूत्र थपिँदै एक लाखसम्म श्लोक समावेश हुन पुगे।

त्यसैले यसको नाम सतसाहस्रिका प्रज्ञापारमिता रहन गयो। विक्रमशील महाविहारमा सुरक्षित यो ग्रन्थ पाँचवटा ठेलीमा थियो। कुनै समय उक्त विहारमा तिब्बती आक्रमण हुँदा एउटा ठेली हरायो। लम्बाइ नौ इन्च र चौडाइ आठ इन्च आकारका निलपत्रका प्रत्येक पृष्ठमा तीनवटा खण्ड बनाएर हरेक खण्डमा नौ-नौ हरफ श्लोक लेखिएका छन्। जसअनुसार प्रत्येक पृष्ठमा २७ हरफ समावेश छन्। प्रज्ञापारमिताका चार ठेलीमा कुल ५४ हजार आठ सय ६४ हरफ छन्। सुनौला मसीमा रञ्जना लिपिमा कलात्मक तरिकाले लेखिएका संस्कृत भाषाका श्लोकहरू अत्यन्त व्यवस्थित र आकर्षक देखिन्छन्।

थँबहि-विक्रमशील महाविहारमा प्रत्येक वर्ष गुँला पर्व (श्रावण पूर्णिमा)मा आठ दिनसम्म प्रज्ञापारमिता सार्वजनिक प्रदर्शनमा राखिने प्रचलन छ। साथै विभिन्न चारवटा वहालहरूका बज्राचार्यहरू उपस्थित भएर श्लोकहरूको वाचन पनि गरिन्छ। यसको अवलोकनमा वसन्तपुरकी कुमारीसमेत त्यहाँ प्रत्येक वर्ष जाने परम्परा छ।

अतिशा श्रीज्ञानको सुपरिवेक्षण निर्देशनमा सिंह सार्थवाहले बनाउन लगाएको विक्रमशील महाविहारको प्रसिद्धिका कारण त्यस बखत त्यहाँ टाढा-टाढाबाट बौद्ध दर्शन अध्ययन गर्न आउँथे, त्यहाँ लामो समय बिताउँथे। एक अर्थमा त्यो एक ज्ञान केन्द्र थियो। मध्यकालका वज्रयानी गुरु लिलावज्रले यसै विहारबाट पण्डित उपाधि ग्रहण गरेका थिए भनिन्छ।

सिंह सार्थवाहले ल्हासा व्यापारबाट जे-जति धन आर्जन गरेर ल्याए, ती थँबहि-विक्रमशील महाविहार निर्माणमा खर्चिए। अनि आफैं बौद्ध मार्गीका पक्का अनुयायी बने, आफन्तहरूलाई त्यतै लगाए। अनि चिरकालपर्यन्त धर्म, संस्कार, रीति, परम्पराको निरन्तरता होस् भन्नेर यथेष्ट स्रोत तथा आयस्तासमेतको व्यवस्था गर्न भ्याए।

नेवार समुदायभित्रका श्रेष्ठ प्रधानहरू, जो सिंह सार्थवाहका सन्तति हुन्, अन्य श्रेष्ठ परिवारहरूले जस्तै शैव हिन्दू विधिअनुसार पारिवारिक कर्मकाण्ड गर्दैन, बरु बज्राचार्यहरूलाई आफ्ना पुरोहितको रूपमा लगाउँछन्। यसैगरी थँबहि बौद्ध विहारभित्र सम्पन्न गरिनुपर्ने अनुष्ठान, पूजा, संस्कार, परम्परा अन्य विहारमा जस्तै यहाँ शाक्य-बज्राचार्य पुरोहितको जिम्मामा नभई श्रेष्ठ प्रधानहरूले नै सबै कर्मकाण्ड भ्याउँछन्। विक्रमशील विहार-थँबहि यस अर्थमा पनि मौलिकतायुक्त छन्।

नेपालमण्डलभित्रको एक विशिष्ट सांस्कृतिक धरोहर थँबहि-विक्रमशील महाविहार र अन्य अनेकन् मूर्त-अमूर्त सम्पदाका सर्जक सिंह सार्थवाह रैथानेहरूका लागि चिरस्मरणीय पात्र बने। दिपंकरको रूपमा विहारभित्र सिंह सार्थवाहका प्रतिमूर्ति आजपर्यन्त प्रतिदिन पूजा गरिन्छ।

फागुण शुक्ल पूर्णिमा उनै स्तुत्य व्यक्ति सिंह सार्थवाहको जन्मतिथि हो। यद्यपि, यस दिनलाई नेपालभित्र विशेषतः उपत्यका र तराईमा होली वा फागुपूर्णिमाका रूपमा मनाइन्छ। भारतको उत्तरी भूभागमा पनि रंगको पर्वकै रूपमा उत्सव, पूजा, मेला सम्पन्न गरिने गर्छ, यस दिन। तर, नेपालमण्डलभित्रको एउटा सांस्कृतिक थलो प्राचीन सिंहकल्पनगरमा भने बेग्लै तयारी हुन्छ। रीति, परम्परा र सांस्कृतिक मान्यताअनुसार पद्धतिबद्ध क्रममा त्यस दिन समुदायगत स्तरबाट सिंह सार्थवाहको अभिषेक र सिन्दुर जात्रा सम्पन्न गरिन्छ। स्थानीयहरू त्यस दिनलाई फागुपूर्णिमा होइन, उनकै नाउँसँग जोडेर श्रद्धापूर्वक भन्छन्- चकं पुन्हि। किन भने स्थानीय भाषामा सिंह सार्थवाह चकंद्यः हुन्। चकं अर्थात् चहकिलो-जाज्वल्लमान द्यः अर्थात् भगवान्। त्यसैले उ, विराजमान थँबहि-विक्रमशील महाविहार स्थानीयहरूका लागि भगवान् वहाल हो- भगवान् रहने वहाल। सिंह सार्थवाह, सिंहकल्पनगरका एउटा शासक, जो समुदायको श्रद्धाबाट अन्ततः भगवान् बने !

थकूछैं, पासिकोट,
बुढानीलकण्ठ, काठमाडौं।

महिनावारीको गलत भाष्यले गाउँमा भन्दा बढी विकसित भनिएको सहरमा जरो गाडेको पौडेल बताउँछिन्। 'मैले काठमाडौंमा यस्ता छोरीहरूसँग कुरा गरेको छु, जो १५ दिनसम्म पाँचौं तलामा एक्लै बसेको छु भन्छन्। भऱ्याङको रेलिङ छुइन्छ भनेर लगाएको कपडा च्यापेर हिँडनुपर्छ भन्छन्। बा र दाइभाइसँग जम्काभेट हुँदा म आउँदै छु है भन्दै कराउनुपर्छ रे ! उनीहरू भऱ्याङबाट हिँडिसकेपछि सुनपानी छर्किन्छन् रे ! छुट्टै बाथरुम प्रयोग गर्नुपर्ने परिस्थिति छ। हामी टाढा जानै पर्दैन। तपाईं महिनामा २५ दिन सँगै र पाँच दिन अलग्गै बस्नुभयो भने त्यो भनेको विभेद हो। विदेभको अभ्यास हुनु भनेकै लैंगिक हिंसा हो। मानव अधिकारको हनन हो,' उनी भन्छिन्।

छोरा मान्छेको दाह्रीजुँगा आउँदा चर्चा गर्ने तर छोरी मान्छे महिनावारी हुँदा चुपचाप बस्नुपर्ने प्रचलन नै लैंगिक असमानताको एउटा चित्र भएको पौडेलको भनाइ छ।

महिनावारीजस्ता विषयलाई पाठ्यक्रमभित्रै समेटेर लैजाँदा मात्रै समाजमा छिटो परिवर्तन आउने कतिपयको भनाइ छ। पाठ्यक्रम विकास केन्द्रकी अधिकृत सुमना पहाड हामीले पढ्ने, लेख्ने, बोल्ने र गर्ने व्यवहारमा समानता नभएको बताउँछिन्। 'हाम्रा आमा हजुरआमाहरूले महिनावारीबारे सुन्दै आउनुभएको गलत धारणा तत्काल त्याग्न सक्नुहुन्न। उहाँहरूलाई परिवर्तन गराउन झगडा गर्नेभन्दा हामी आफूचाहिँ परिवर्तन हुनुपर्छ,' उनी भन्छिन्।

समय बित्दै जाँदा आफूले कम विभेद भोगेको र छोरीले नभोगेको उनको भनाइ छ। भन्छिन्, 'मैले मेरो परिवारमा हटाएँ भन्दैमा यो सबै हटिसक्यो भन्ने होइन।' विद्यालय, विश्वविद्यालयमा पढिने कुरा र घरमा गरिने व्यवहार फरक रहेको उनी बताउँछिन्।

अधिकारकर्मी लक्ष्मी न्यौपाने महिनावारी कुनै पाप नभएको बताउँछिन्। भन्छिन्, 'सृष्टिलाई निरन्तरता दिने तत्त्व कसरी पाप हुन्छ ? महिनावारी पाप होइन, जीवन प्रक्रियाको निरन्तराको लागि आवश्यक कुरा हो।'

महिनावारीलाई सहरका सम्भ्रान्त र पढेलेखेका भन्नेहरूले नै पापका रूपमा बुझिरहेको न्यौपानेको दाबी छ। हरेक मान्छे आफू परिवर्तन नभई अरूलाई परिवर्तन गर्छु भनेर लाग्नु गलत भएको उनको भनाइ छ। भन्छिन्, 'हामी उदाहरणीय बनेर यो गलत चलनविरुद्ध अभियान चलाउनुपर्छ।'

> 'महिनावारी हुँदा काठमाडौंमै छोरीहरू पाँचौं तलाको कोठामा एक्लै बसेका छन्। भऱ्याङको रेलिङ छुइन्छ भनेर लगाएको कपडा च्यापेर हिँड्छन्। भऱ्याङबाट हिँडिसकेपछि परिवारका अन्य सदस्यले सुनपानी छर्किन्छन्।'

पनि छाउपडी प्रथा सक्रिय छ भन्ने बुझ्न सकिन्छ। कसैलाई पाप र धर्मको डर, कसैलाई घरको ज्येष्ठ नागरिकको डर त कसैलाई समाजको डर। महिनावारी भनेको एउटी केटी हरेक महिना गर्भवती हुन तयार हुने संकेत हो भन्ने कुरा विज्ञानले भन्छ। अर्कोतिर विज्ञानलाई चुनौती दिएर धर्मको गलत व्याख्या गर्दै महिनावारीलाई पाप भनेर अर्थ्याइरहेका छन्। महिनावारी हुँदा, भान्छा, मठमन्दिर, पितृकार्य र विभिन्न धार्मिक कार्यक्रममा सहभागी हुन वञ्चित गराइएको छ। अझ परिवारको सदस्यको निधन भएका वेला महिनावारी भयो हो भने किरिया बसेका व्यक्तिलाई हेर्नसमेत नहुने प्रचलन छ। महिनावारीलाई यति तुच्छ बनाइएको छ कि चार पुस्ताअघिका हजुरआमाहरूले त बुझ्नेनन्, डिजिटल युगसँगै हुर्किएका पुस्ताले समेत बुझ्नेको देखिन्न। उनीहरूले तोड्न सकेका छैनन्।

यो गलत भाष्य तुलनात्मक रूपमा ब्राह्मण समुदायमा बढी देखिन्छ। जनजाति महिलाहरूले कहिल्यै महिनावारी बार्दैनन्। खोइ उनीहरूलाई केही भएको छ ? यो प्रश्न आज हरेक मान्छेले सोध्न जरुरी छ। महिनावारीका नाममा छोरीमाथि भएको विभेदबारे बोल्न अब ढिला भइसकेको छ। पुराना सोचाइ भएका मान्छेहरूलाई फेर्न नसके पनि हामीले हाम्रो सोचाइ फेर्नु जरुरी छ। महिनावारीका वेला गरिने छोइछिटोले बालिका तथा किशोरीहरू आफूलाई 'दोस्रो दर्जा'को नागरिक महसुस गर्न थाल्छन्।

राजधानीमा पुस दोस्रो साता महिनावारीका विषयमा एउटा फरक दृश्य देख्ने अवसर जुऱ्यो। पत्रकारद्वय यशोदा अधिकारी र प्रकाश सिलवालले महिनावारीका विषयमा हुने विभेदको खुलेरै प्रतिवाद गरे। आफ्नी ११ वर्षीया छोरी प्रयत्ना सिलवाल पहिलो महिनावारी हुँदा उनीहरूले उत्सवको रूपमा मनाए। महिनावारी हुँदा अलग्गै बस्नुपर्ने प्रचलनलाई तोड्दै सामूहिक खानपानको व्यवस्था मिलाए। चियाकफी सँगै खाए। केक काटे। प्रथम रजस्वला हुँदा बाबु र दाजुभाइको मुख हेर्न नहुने छोरीले केक सबैभन्दा पहिला आफ्नो बाबु र भाइलाई खुवाइन्। बाबुले छोरीलाई टीका लगाइदिए। महिनावारी पाप होइन, उत्सव हो भनेर प्रमाणित गरे।

मर्यादित महिनावारी अभियन्ता तथा लेखक राधा पौडेल पुरुषहरू महिनावारी नहुँदा उनीहरू शुद्ध, शक्तिशाली र सुविधासम्पन्न हुने र महिनावारी हुने कारणले महिलाहरू फोहोरी, अशुद्ध, अमर्यादित र अपवित्र हुन् भन्ने गलत भाष्यलाई चिर्नुपर्ने बताउँछिन्। महिनावारीका कारण महिलाहरूमाथि भएको हेपाइ देखेर आफूले पनि त्यस्तै भोग्नुपर्ला भनी आत्महत्याको बाटोसम्म पुगेको सम्झना गर्छिन् उनी। तर, आफूलाई समयले सही बाटोमा पुऱ्याइदिएकाले मर्यादित महिनावारीको अभियान चलाउन पुगेको बताउँछिन्। नर्सिङ क्याम्पस नै जीवनको टर्निङ प्वाइन्ट भएको उनको दाबी छ। महिनावारीमा आउने रगत अशुद्ध होइन, शुद्ध भएको उनको दाबी छ। उनी भन्छिन्, 'यही रगतले संसार अगाडि बढेको रहेछ। जति पनि पुरुष छन्, राष्ट्रपति, प्रधानमन्त्री, बाउ, शिक्षक सबै यही रगतबाट जन्मिएका रहेछन्। महिनावारी त शक्तिको र गर्वको कुरा रहेछ। तर यसलाई मान्छेहरूले उल्टो गरी बुझेछन् भन्ने थाहा पाएपछि मर्यादित महिनावारीको अभियान चलाएँ।'

बिन्तीपत्र हाल्नुपर्ने, बैठक राखिहाले उपस्थित नहुने, भइहाले बीचैमा उठेर हिँड्ने, बैठकले गरेका निर्णय मसी सुक्न नपाउँदै उल्लंघन गर्ने र राजनीतिक इमानदारिता नदेखाउने प्रवृत्ति बढ्दै गयो। खासमा पार्टी एकताभन्दा पनि प्रधानमन्त्री बन्ने कुरालाई केन्द्रमा राखेर अँध्यारो कुनामा बसेर गरिएको सहमति तोड्न यो सब खेल भयो।

उनको यो ठम्याइमा राय बझाउनुपर्ने कुनै कारण छैन। वास्तवमा नेकपा एमालेका अध्यक्ष केपी ओलीलाई के भ्रम थियो भने निर्वाचन होस् मात्रै जनता उनको पार्टीलाई अत्यधिक मतसहित विजयमाला पहिऱ्याउन आतुर छन्। तर, स्थानीय तहको निर्वाचनले के पुष्टि गरिदियो भने निःसन्देह उनको पार्टी संसद्मा सबैभन्दा ठूलो पार्टी बन्ला, तर बहुमतको जादुगरी संख्याबाट टाढै हुनेछ। रह्यो सरकार बनाउने कुरा, त्यसमा दोस्रो र तेस्रो हुने नेपाली कांग्रेस र माओवादीले बनाइहाल्ने भए किनकि त्यसवेला पनि तिनकै सरकार थियो।

अतः सिद्धान्त वा विचारप्रतिको निष्ठाभन्दा पनि सत्ता प्राप्त गर्ने उद्देश्यले ओलीलाई माओवादीको नजिक हुन बाध्य बनायो।

अर्कोतिर, तेस्रो चरणमा मधेसमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा सिट बाँडफाँटमा नेपाली कांग्रेसको पूर्ण अरुचिका कारण उससँगको गठबन्धन लामो समयसम्म जाँदैन भन्ने आकलन गरेका प्रचण्ड विकल्पको खोजीमा थिए। त्यहीवेला ओलीको आधाआधा समयको प्रधानमन्त्री बन्ने प्रस्तावसहितको वाम मोर्चा र पार्टी एकीकरणको प्रस्ताव आयो। अनि त्यसैमा प्रचण्ड फसे।

पार्टी विभाजनबारे सर्वोच्च अदालतको विवादास्पद फैसलाबारे लेखकले यथेष्ट चर्चा गरेका छन्। यो फैसलासँग सर्वोच्च अदालतका न्यायाधीशको झापा कनेक्सनको पाटो पनि महत्त्वपूर्ण छ। त्यसैले पार्टीको नाम आफूले पाउनुपर्ने भनी गरिएको मागभन्दा बाहिर गई नमागिएको विषयमा प्रवेश गरेर एमाले र माओवादीलाई एकतापूर्वको अवस्था पुऱ्याउने फैसला हुन गयो। यो नै त्यो टर्निङप्वाइन्ट हो जसले केपी ओलीको पार्टीमा गुमेको सत्तालाई पुनर्स्थापित गर्न निर्णायक भूमिका खेल्यो। तर, त्यसभन्दा अघि नै पार्टीको आधिकारिकताका विषयमा प्रचण्ड-माधव-झलनाथ पक्षको बहुमतको प्रमाणसहितको मागप्रति निर्वाचन आयोगको बेवास्ता र आलटाल पनि सन्देहको घेरामा पर्छ।




> यो पुस्तक दुई कारणले पठनीय र संग्रहणीय छ। पहिलो, यसले समकालीन वाम राजनीति र त्यससँग जोडिएको सत्ता राजनीतिको विस्तृत विवरण प्रस्तुत गरेको छ। र दोस्रो, यसमा संग्रहित समृद्ध सन्दर्भ सामग्री।

यस विषयमा लेखकले जति विस्तारका साथ विश्लेषण गर्नुपर्थ्यो त्यहाँ कम नजर परेजस्तो देखिन्छ।

यो पुस्तक दुई कारणले पठनीय र संग्रहणीय छ। पहिलो, यसले समकालीन वाम राजनीति र त्यससँग जोडिएको सत्ता राजनीतिको विस्तृत विवरण प्रस्तुत गरेको छ। र दोस्रो, यसमा संग्रहित समृद्ध सन्दर्भ-सामग्री। वस्तुतः यसमा राखिएको सन्दर्भ-सामग्री नै पनि अन्य शोधकर्ताका लागि ठूलो सम्बल बन्न सक्छ। यस पुस्तकमा लेखकले जति मिहिनेत घटनाको विवरण प्रस्तुत गर्नका लागि गरेका छन् त्यसको तुलनामा विवेचना र विश्लेषणमा नगरेजस्तो लाग्छ। हुन त यो कुरा स्वयं लेखकले पनि स्विकारेका छन्। त्यसैले मेरो भनाइमा उनी भन्छन्- 'नवीनतम् घटनामा केन्द्रित रहेको हुँदा पुस्तक विश्लेषात्मकभन्दा बढी विवरणात्मक हुन गएको छ।'

नेकपाको एकता र विभाजनबारे लेखकको निष्कर्ष मननीय छ। आफ्नो अन्तिम दृष्टिमा उनी भन्छन्-'केही नेताका कारण नेकपाप्रति जनताको जुन आशा र भरोसा थियो त्यसलाई रसातलमा पुऱ्याउने काम भयो। आशा गरौं भविष्यमा इतिहासले यसबारेमा निर्मम रूपमा मूल्यांकन गर्ने नै छ।'



अढाई दशकमा नेपालको फड्को

कृष्ण रिजाल/नयाँ पत्रिका

नेपालमा विकासको गति धिमा छ। अर्थतन्त्रका अधिकांश क्षेत्रले अपेक्षित उपलब्धि हासिल गर्न सकेका छैनन्। अपवाद नै मान्नुपर्छ, दूरसञ्चार क्षेत्रले भने सरकारले अपेक्षा गरेभन्दा बढी फड्को मारिरहेको छ।

आर्थिक वर्ष ०५२/५३ मा नेपालमा टेलिफोनको जनघनत्व अत्यन्तै न्यून थियो। नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना हुनुअघिको उक्त आवमा प्रतिहजार जनसंख्याबराबर १० जनाले टेलिफोन सेवा लिन्थे। अर्थात् १ प्रतिशत हाराहारी मात्रै टेलिफोनको पहुँच रहेको राष्ट्रिय योजना आयोगको तथ्यांक छ। त्यसको २५ वर्ष अर्थात् आर्थिक वर्ष ०७८/७९ मा आइपुग्दा प्रतिसय जनसंख्याबराबर टेलिफोनको पहुँच १ सय २७ पुगिसकेको छ। अर्थात्, यो २५ वर्षमा दूरसञ्चार क्षेत्रको पहुँच १ प्रतिशतबाट बढेर १ सय २७ प्रतिशत पुगिसकेको छ।

नेपालको आठौँ आवधिक योजनाले दूरसञ्चार क्षेत्रको विकास तथा विस्तारलाई प्राथमिकतामा राख्यो। आठौँ योजनाअघि ४८ जिल्लामा मात्रै दूरसञ्चार पुगेको थियो अर्थात् २७ जिल्लामा दूरसञ्चार पुग्न सकेको थिएन। आठौँ योजना कार्यान्वयनका चरणमा सबै जिल्लाका सदरमुकाममा दूरसञ्चार सेवा पुग्यो।

सरकारले नवौँ आवधिक योजनामार्फत आगामी २० वर्षका लागि सूचना नेटवर्क इन्फ्रास्ट्रक्चर (आइएनआई) योजना बनाउने घोषणा गऱ्यो। सोही २० वर्षको अवधिमा काठमाडौंलगायत सहरमा मोबाइलगायत टेलिफोन सेवा सुरु गर्ने र क्रमशः देशभर विस्तार गर्दै लैजाने नीति लियो। सबै जिल्लामा टेलिफोन एक्सचेन्ज र सबै गाविसमा टेलिफोन सभिस (पिसिओ) स्थापना गर्ने लक्ष्य लियो। इन्टरनेट र इमेल सेवा सहरमा विस्तार गर्ने नीति लियो। नवौँ योजनामार्फत टेलिफोनको पहुँच क्रमशः बढाउँदै लगेर १२औँ पञ्चवर्षीय योजनासम्म प्रतिहजार एक सय ५० जनामा टेलिफोन पहुँच पुऱ्याउने लक्ष्य लियो। अर्थात्, १२औँ पञ्चवर्षीय योजनाको अवधिमा टेलिफोनको पहुँच १५ प्रतिशतमा पुऱ्याउने लक्ष्य रहेको देखिन्छ।

०६६/६७ मा आइपुग्दा टेलिफोन जनघनत्व ३१.३ प्रतिशत पुग्यो। अर्थात्, नवौँ योजनाले लिएको लक्ष्यभन्दा जनघनत्व झन्डै दोब्बर पुग्यो। सबै गाविसमा टेलिफोनको पहुँच पुग्यो। अझ १४औँ आवधिक योजना सकिँदासम्म त दूरसञ्चार सेवाको पहुँच १ सय २० प्रतिशत हाराहारी पुगिसकेको थियो। यसरी दूरसञ्चार क्षेत्रमा सरकारको लक्ष्यभन्दा बढी उपलब्धि हासिल भएको देखिन्छ।

सरकारले दूरसञ्चार क्षेत्रको विकासका लागि प्रतिस्पर्धी वातावरण बनाइदिएकै कारण अन्य क्षेत्रको तुलनामा यस क्षेत्रको विकास राम्रो भएको दूरसञ्चार प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक आनन्दराज खनाल बताउँछन्। 'सरकारले नीति-नियम ल्याएर दूरसञ्चार विकासको वातावरण बनाइदियो, निजी र विदेशी लगानी खुला गऱ्यो, जसले गर्दा दूरसञ्चारमा स्वाभाविक विकास हासिल गऱ्यो' उनले भने, 'प्रतिस्पर्धाको वातावरण बनाइदिएको भए अन्य क्षेत्रजस्तै दूरसञ्चार पनि जहाँको त्यहीं हुन सक्थ्यो।'

> २५ वर्षअघि जतिवेला नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको थियो, त्यतिखेर १ प्रतिशत हाराहारी मात्रै टेलिफोनको पहुँचमा थिए। यो अवधिमा दूरसञ्चार क्षेत्रको पहुँच १ प्रतिशतबाट बढेर १ सय २७ प्रतिशत पुगिसकेको छ।

यद्यपि, विश्व बजारको तुलनामा नेपालको दूरसञ्चार विकासको गति भने अपेक्षाकृत नभएको खनालको तर्क छ। विश्व बजारको तुलनामा नेपाल १० वर्ष पछि रहेको उनी बताउँछन्। योभन्दा १० गुणा बढी विकास गर्ने ठाउँ रहेको उनको तर्क छ। 'विश्व बजार फाइभजीमा गइसकेको छ, हामी फोरजीकै विस्तारमा छौं, फोरजीकै सफल र प्रभावकारी प्रयोग हुन सकेको देखिँदैन,' उनले भने, 'अझ, मुलुकको अर्थतन्त्रका अन्य क्षेत्रको विकासलाई गति दिन दूरसञ्चारको व्यापक प्रयोग हुन सकेको छैन, हामीले अब त्यतातिर पनि ध्यान दिनुपर्छ।'

■ यस्तो छ दूरसञ्चारको पहुँच

प्राधिकरणको पछिल्लो तथ्यांकअनुसार हालसम्म तीन करोड ६३ लाख मोबाइलका सिम बिक्री भएका छन्। यसमा नेपाल टेलिकमको दुई करोड एक लाख, एनसेलको एक करोड ३४ लाख र स्मार्ट टेलिकमको २४ लाख रहेको छ। त्यस्तै, आठ लाख लाइन फिक्स्ड टेलिफोन सेवा बिक्री भएका छन्। कुल ब्रोडब्यान्ड पहुँच १ सय ३१ प्रतिशत पुगिसकेको छ। अर्थात्, इन्टरनेटका तीन करोड ८२ लाख ग्राहक छन्। यसमा नेपाल टेलिकमको एक करोड ९९ लाख, एनसेलको ८७ लाख, स्मार्टको एक लाख र इन्टरनेट सेवाप्रदायकको ९५ लाख ग्राहक रहेका छन्।

> दूरसञ्चार आफैंमा एउटा सञ्चार मात्रै नभई आर्थिक एवं सामाजिक पूर्वाधार पनि हो। आर्थिक विकासको संवाहक पनि हो। दूरसञ्चारले शिक्षा, स्वास्थ्य, कृषि, यातायात, सरकारी सेवा, उद्योगलगायत सबै क्षेत्रको विकासमा समेत महत्त्वपूर्ण योगदान गर्दै आएको छ।

पूर्वदेखि पश्चिम, तराईदेखि हिमालसम्म गाउँ-गाउँमा इन्टरनेट हुनु, हात-हातमा मोबाइल पुग्नु, सरकारी सेवा क्रमशः अनलाइनमा आधारित बन्दै जानुलगायतले नेपालमा दूरसञ्चारको विकास राम्रै भएको देखाउने प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल बताउँछन्। 'सडक तथा विद्युत्जस्ता पूर्वाधार नभएको, द्वन्द्व र राजनीतिक अस्थिरता भएको अवस्थामा समेत दूरसञ्चार क्षेत्रले हासिल गरेको विकासलाई सन्तोषप्रद मान्नुपर्छ,' उनी भन्छन्, 'यद्यपि, 'अन्य क्षेत्रको विकास सुस्त हुँदा यस क्षेत्रको विकास केही राम्रो देखियो। तर, अन्य क्षेत्रहरू सडक, विद्युत्लगायतको विकास राम्रो भएको भए दूरसञ्चारको विकास अहिलेको भन्दा १० गुणा बढी हुन्थ्यो।'

प्राधिकरणको गत वर्षको वार्षिक प्रतिवेदनअनुसार हाल नेपालमा पाँचवटा भ्वाइस सेवाप्रदायक, २२ वटा नेटवर्क सेवाप्रदायक, एक सय ३७ वटा इन्टरनेट सेवाप्रदायक, दुईवटा जिएमपिसिएस र एउटा इन्टरनेसनल ट्रंक टेलिफोन सेवाप्रदायकले अनुमति प्राप्त गरी सञ्चालनमा रहेका छन्।

■ अर्थतन्त्रमा योगदान : रोजगारीदेखि राजस्वसम्म

नेपालको अर्थतन्त्रमा दूरसञ्चार क्षेत्रको योगदान उल्लेखनीय रहेको सरकारी तथ्यांकले नै देखाउँछ। गएको आव ०७८/७९ सम्म कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा सूचना तथा सञ्चार क्षेत्रको योगदान २.०९ प्रतिशत रहेको अर्थ मन्त्रालयको तथ्यांक छ। यद्यपि, यस क्षेत्रका सरोकारवाला भने दूरसञ्चार क्षेत्रको योगदान ५ प्रतिशत हाराहारी रहेको दाबी गर्छन्।

नेपाल टेलिकम र एनसेल नेपालका प्रमुख करदातामध्येका रूपमा चिनिएका छन्। ०७८/७९ मा सबैभन्दा बढी कर बुझाउने कम्पनीका रूपमा नेपाल टेलिकम सम्मानित भएको थियो। टेलिकमले गएको आवमा सरकारलाई कर तथा शुल्कबापत २६ अर्ब ४१ करोड रुपैयाँ बुझाएको जनाएको छ। त्यस्तै, एनसेलले गएको आवसम्ममा सरकारको राजस्वमा दुई खर्ब ८० अर्ब रुपैयाँभन्दा बढी योगदान गरिसकेको जनाएको छ। त्यस्तै, संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत एक अर्ब ७५ करोड रुपैयाँ खर्च गरेको एनसेलले जनाएको छ।

गएको वर्षमा सेवाप्रदायकले नेपाल सरकारलाई फ्रिक्वेन्सी दस्तुरबापत तीन अर्ब ५२ करोड रुपैयाँ राजस्व बुझाएका थिए। त्यसमा सबैभन्दा बढी एनसेलले एक अर्ब ८८ करोड र नेपाल टेलिकमले एक अर्ब ६४ करोड फ्रिक्वेन्सी दस्तुर बुझाएका थिए। त्यस्तै, रोयल्टीबापत सेवाप्रदायकले तीन अर्ब ६० करोड बुझाएको प्राधिकरणको तथ्यांक छ। जसमा सबैभन्दा बढी एनसेलले एक अर्ब ६० करोड र नेपाल टेलिकमले एक अर्ब ४२ करोड बुझाएको देखिन्छ। त्यस्तै, वर्ल्डलिंकले १७ करोड, भायानेटले चार करोड ५८ लाख, सुबिसुले चार करोड ९३ लाख रुपैयाँ रोयल्टी बुझाएको देखिन्छ। त्यस्तै, ग्रामीण दूरसञ्चार विकास कोषमा सेवाप्रदायकले एक अर्ब ६७ करोड बुझाएका छन्। कुल आम्दानीको २ प्रतिशत रकम यो कोषमा बुझाउनुपर्ने व्यवस्था रहेको छ। जसअनुसार सबैभन्दा बढी एनसेलले ८० करोड ४४ लाख र नेपाल टेलिकमले ७१ करोड नौ लाख बुझाएका हुन्। त्यस्तै, वर्ल्डलिंकले आठ करोड ४३ लाख, सुबिसुले दुई करोड ४१ लाख, भायानेटले दुई करोड २८ लाख बुझाएको प्राधिकरणको तथ्यांक रहेको छ।

■ सञ्चार पूर्वाधार मात्रै रहेन दूरसञ्चार

आज दूरसञ्चार क्षेत्र केवल टेलिफोनमार्फत कुराकानी गर्न मात्रै सीमित छैन, अर्थतन्त्रका सम्पूर्ण क्षेत्रलाई अघि बढाउने यस क्षेत्रले महत्त्वपूर्ण योगदान गरिरहेको छ। प्राकृतिक प्रकोपको पूर्वसचना दिने माध्यम बनेको छ। मनोरञ्जनको माध्यम बनेको छ। सरकारको राजस्वको प्रमुख स्रोतमध्येको एक क्षेत्रका रूपमा दूरसञ्चार स्थापित छ। अभिव्यक्ति स्वतन्त्रताको माध्यम बनेको छ। लोकतन्त्रको सबलीकरणमा समेत यसले महत्त्वपूर्ण योगदान दिँदै आएको छ। यसर्थ, दूरसञ्चार आफैंमा एउटा सञ्चार मात्रै नभई आर्थिक एवं सामाजिक पूर्वाधार तथा साधक पनि हो। आर्थिक विकासको संवाहक पनि हो।

दूरसञ्चारलाई सञ्चार पूर्वाधारमा मात्रै मान्न नहुने प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल बताउँछन्। 'दूरसञ्चारले आफूलाई मात्रै विकास गराएको छैन, शिक्षा, स्वास्थ्य, कृषि, यातायात, सरकारी सेवा, उद्योगलगायत सबै क्षेत्रको विकासमा समेत महत्त्वपूर्ण योगदान गर्दै आएको छ,' उनले भने, 'अर्थतन्त्रको सबै क्षेत्रलाई गति दिलाउने गरी दूरसञ्चारको प्रयोग अझै हुन सकेको छैन।'

नेपाल दूरसंचार प्राधिकरण
NEPAL TELECOMMUNICATIONS AUTHORITY
25th Anniversary 2079 B.S.

२५ औं
वार्षिकोत्सव

नेपाल दूरसञ्चार प्राधिकरणको
रजत जयन्तीको अवसरमा हार्दिक बधाई
तथा शुभकामना व्यक्त गर्दछौं ।

WORLDLINK

गुणस्तर अझ बढाउने र 'डिजिटल ग्याप' हटाउनेमा केन्द्रित हुन्छौं



■ पुरुषोत्तम खनाल
अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण

दूरसञ्चार क्षेत्रको विकासको सुरुवात बिन्दु भनेको 'नेपाल दूरसञ्चार ऐन, २०५३' नै हो। सोही ऐनले निजी क्षेत्रको लगानी तथा सीपलाई खुला गऱ्यो। प्रतिस्पर्धा बढायो। अनि क्रमशः दूरसञ्चार विकास हुँदै गयो। दूरसञ्चारले आफूलाई मात्रै विकास गराएको छैन, शिक्षा, स्वास्थ्य, कृषि, यातायात, सरकारी सेवा, उद्योगलगायत सबै क्षेत्रको विकासमा समेत महत्त्वपूर्ण योगदान गर्दै आएको छ।

वास्तवमा दूरसञ्चारको यो विकासमा माग क्षेत्रको योगदान अझ बढी छ। जनताको माग धेरै भयो र त्यसलाई बजारले पूर्ति गर्दै गयो, अनि क्रमशः विकास भयो। राज्यले उचित वातावरण पनि दियो। अन्य क्षेत्रको विकास सुस्त हुँदा यस क्षेत्रको विकास केही राम्रो देखियो। तर, अन्य क्षेत्रहरू सडक, विद्युत्लगायतको विकास राम्रो भएको भए दूरसञ्चारको विकास अहिलेको भन्दा १० गुणा बढी हुन्थ्यो। अन्य क्षेत्रले यसलाई उचित सपोर्ट नै गर्न सकेको छैन। आजको दिनमा हात-हातमा मोबाइल पुगेको छ। गाउँ-गाउँमा इन्टरनेट सेवा पुगेको छ। सरकारी सेवा इन्टरनेटबाटै हुन थालेको छ। यो सबै दूरसञ्चारको विकासको कारण नै हो। सडक र विद्युत्लगायत पूर्वाधार अझ राम्रो हुन सके दूरसञ्चारले अर्को फड्को मार्न सक्छ।

> आजको दिनमा हात-हातमा मोबाइल र गाउँ-गाउँमा इन्टरनेट सेवा पुगेको छ। सरकारी सेवा इन्टरनेटबाटै हुन थालेको छ। यो सबै दूरसञ्चारको विकासको कारण नै हो। सडक र विद्युत्लगायत पूर्वाधार अझ राम्रो हुन सके दूरसञ्चारले अर्को फड्को मार्न सक्छ।

इन्टनरेनटको स्पिडको माग दिन-प्रतिदिन बढ्दै गएको छ। मुलुकका अधिकांश भागमा यसको पहुँच पुगिसकेको छ। अब नपुगेका केही ठाउँमा पहुँच पुऱ्याउने र गुणस्तरलाई अझ वृद्धि गर्नेमा हामी केन्द्रित हुन्छौं। पहुँच पुगेका ठाउँमा पनि खरिद गर्न नसकेर उपयोग नगर्ने जनता पनि छन्, तिनीहरूलाई प्रयोग गर्ने वातावरण बनाउन पनि हामी केन्द्रित हुनेछौं। अबको हाम्रो मुख्य योजना भनेकै गुणस्तर बढाउने र डिजिटल ग्याप हटाउने नै हो।

दूरसञ्चारको विकास स्वाभाविक, अझ गति दिन आवश्यक छ



■ आनन्दराज खनाल
पूर्ववरिष्ठ निर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण

नेपालमा अन्य क्षेत्रको तुलनामा दूरसञ्चारको विकास राम्रो देखिन्छ। दूरसञ्चारको पहुँच, प्रयोग, राजस्वलगायत हिसाबले यसको विकासलाई सकारात्मक रूपमा लिन सकिन्छ। विकास दुई किसिमले हुन्छ। पहिलो, सरकारको जोडबलमा हुने विकास, अनि दोस्रोचाहिँ बजारको मागअनुसार स्वाभाविक विकास। नेपालमा दूरसञ्चारको विकासमा सरकारको जोडबलभन्दा पनि बजारका कारण भएको हो। विश्व बजारमा आएको प्रविधिको लाभलाई नेपालले प्रयोग गरेको हो। यद्यपि, सरकारको योगदान नै छैन भन्न खोजेको होइन। सरकारले प्रविधिको आगमनलाई रोकेन। खासमा सरकारले दूरसञ्चार बजारमा प्रतिस्पर्धाको वातावरण बनाइदियो, जब प्रतिस्पर्धा सुरु भयो, त्यसपछि यस क्षेत्रको विकासले गति लियो। प्रतिस्पर्धाकै कारण पहुँच बढ्यो, तुलनात्मक रूपमा सस्तो भयो। चारवटा टेलिफोन सेवाप्रदायक प्रतिस्पर्धा गर्न नसकेर डुबे, सयौं इन्टरनेट सेवाप्रदायक पनि डुबे।

> विकास स्वाभाविक भएकाले सन्तोष मान्न सकिने ठाउँ छैन। विश्व बजारको तुलनामा दूरसञ्चारमा नेपाल १० वर्ष पछि रहेको छ। योभन्दा १० गुणा बढी विकास गर्ने ठाउँ रहेको देखिन्छ। हामीले अझ धेरै विकास गर्न सक्ने ठाउँ छ।

अर्को कुरा, ग्रामीण दूरसञ्चार विकास कोषको रकमको परिचालनबाट भएको विकासले पनि राम्रो गरेको छ। यद्यपि, त्यहाँ केही ढिलासुस्ती भने देखिन्छ। प्राधिकरणले १८ प्याकेज बनाएर कोषको रकम परिचालन गरेर ग्रामीण क्षेत्रमा दूरसञ्चार पूर्वाधारको विकास गरिरहेको छ। यसले समग्र मुलुक विकासमै योगदान गरिरहेको छ।

आइसिटीमा स्वाभाविक विकास हुन्छ, यसको विकास गतिवान् हुन्छ। त्यसलै हाम्रा नीति-नियम पनि गतिवान् हुन आवश्यक छ। विकास स्वाभाविक भएकाले सन्तोष मान्न सकिने ठाउँ छैन। विश्व बजारको तुलनामा नेपाल १० वर्ष पछि रहेको छ। योभन्दा १० गुणा बढी विकास गर्ने ठाउँ रहेको देखिन्छ। हामीले अझ धेरै विकास गर्न सक्ने ठाउँ छ। अझै पनि हाम्रो कानुन लगानीमैत्री छैन। पाँच वर्षयता आम्दानी घटेको छ। त्यसको कारण के हो ? खोज्नुपर्दैन ? दूरसञ्चार क्षेत्रको नयाँ बिजनेस मोडललाई सम्बोधन गर्ने गरी हाम्रो नीति-नियम बन्नुपर्छ।

अबको युग फाइभजीको

विश्वव्यापी फाइभजीको प्रयोग द्रुत गतिमा अगाडि बढिरहेको छ। विश्वका ७० मुलुकमा करिब एक सय ७५ सेवाप्रदायकले व्यावसायिक फाइभजी मोबाइल सेवा सुरु गरिसकेका छन्। नेपालमा पनि फाइभजी परीक्षण सुरु भएको छ।

मुना कुँवर/नयाँ पत्रिका



दुई दशकअघिसम्म पनि हामी सूचनाका लागि चिठी कोर्थ्यौं। तर, अहिले विश्वका कुनै एक कुनामा रहेको व्यक्तिले अर्को कुनामा रहेको व्यक्तिसँग तुरुन्तै सञ्चार स्थापित गराउन सक्छ। त्यति मात्रै होइन, एक-अर्कासँग अनुहार हेरेर कुराकानी गर्न सक्ने भएका छन्। सूचना प्रविधिको विकासले विश्वलाई संकुचित बनाइदिएको छ। एक-अर्कासँग सञ्चार स्थापित गर्न मात्रै होइन, हरेक क्षेत्रलाई सहज र सरल बनाउन प्रविधिले ठूलो भूमिका खेलेको छ। प्रविधिको विकास र प्रयोगले मानिसको जीवनशैली सहज, सरल र तीव्र पारिदिएको छ।

जति-जति प्रविधि विकासले फड्को मार्दै जान्छ, त्यति-त्यति मानिसका दैनिकी सहज र सरल बन्दै जान्छन्। त्यसैले त दुजीको जमानामा आवाज (भ्वाइस) मा रमाउने हामी थ्रिजीको विकाससँगै भिडियो फोटोमा रमाउन थाल्यौं। ब्रोडब्यान्ड इन्टरनेटको सुविधाले हाम्रो दैनिकीलाई अझ गतिवान् बनाइदिएको छ। चौथो पुस्ताको आएपछि प्रत्यक्ष भिडियो कल गर्न, द्रुत गतिमा इन्टरनेट चलाउन, ठूला-ठूला फाइलहरू डाउनलोड तथा अपलोड गर्न थप सहज भएको छ। त्यतिले मात्रै पुगेको छैन हामीलाई, त्यसैले त हामी पाँचौं पुस्ताको दूरसञ्चार सेवा 'फाइभजी'तर्फ फड्को मार्ने जमर्को गरिरहेका छौं।

■ फाइभजीमा फड्को

दूरसञ्चारको विकासक्रमसँगै नेपाल दूरसञ्चार प्राधिकरणले पनि फाइभजी परीक्षण सुरु गरेको छ। प्राधिकरणले नेपाल टेलिकमलाई २६०० मेगाहर्ज ब्यान्डमा फाइभजीको परीक्षण अनुमति प्रदान गरिसकेको छ। टेलिकमले अनौपचारिक रूपमा गत माघ २२ गतेदेखि यसको आन्तरिक परीक्षण पनि सुरु गरेको छ। एनसेलले पनि फाइभजी परीक्षण तथा सञ्चालनका लागि नियामक निकायको अनुमति कुरिरहेको जनाएको छ।

परीक्षणपछि फाइभजी सञ्चालनका लागि अक्सन गरिने नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोतम खनालले बताए। ऐनबमोजिम प्राधिकरणले अक्सनबाट नै फाइभजी सञ्चालनको अनुमति दिन सक्ने व्यवस्था गरिएको छ।

विश्वव्यापी फाइभजीको प्रयोग द्रुत गतिमा अगाडि बढिरहेको छ। विश्वका ७० मुलुकमा करिब एक सय ७५ सेवाप्रदायकले व्यावसायिक फाइभजी मोबाइल सेवा सुरु गरिसकेका छन्। करिब एक सय ४० देशका चार सय ७० सेवाप्रदायक भने फाइभजी सेवा सुरु गरेर सेवा दिने तयारीमा छन्। फाइभजीको विस्तारक्रम बढेसँगै यसका लागि उपभोग्य डिभाइसको उपलब्धता पनि बढ्दै छ। अहिले करिब ६ सय प्रकारका फाइभजी डिभाइस व्यावसायिक रूपमा उपलब्ध छन्।

एनसेलले र नेपाल टेलिकम दुवैले १८०० मेगाहर्जमार्फत फोरजी सेवा उपलब्ध गराइरहेका छन्। एनसेलले एलटिई ९०० र नेपाल टेलिकमले डिजिटल डिभिडेन्ट ब्यान्ड ८०० मार्फत गाउँ-गाउँमा फोरजी विस्तारको काम गरिरहेको छ। प्राधिकरणले फाइभजीसँगै फोरजीको सेवालाई सशक्त बनाउनुपर्ने सरुचना प्रविधिविज्ञ आनन्दराज खनाल बताउँछन्। सहरी क्षेत्रभित्र नै फोरजी सुविधा पर्याप्त नभएको समयमा फाइभजी सेवा सुरुवातको उपयोगिता नहुने उनको भनाइ छ।

नेपाल दूरसञ्चार प्राधिकरणको गत मंसिरसम्मको तथ्यांकअनुसार नेपालमा थ्रिजी प्रयोगकर्ताको संख्या ८८ लाख ९४ हजार दुई सय २४ पुगेको छ । त्यस्तै, फोरजी प्रयोगकर्ता एक करोड ८४ लाख ८४ हजार ९४ पुगेका छन्। जसमध्ये नेपाल दूरसञ्चारको थ्रिजी प्रयोगकर्ता ७० लाख ३८ हजार आठ सय ४२ छन् भने एनसेलका थ्रिजी प्रयोगकर्ता १८ लाख ५५ हजार तीन सय ८२ छन्। एनसेलका फोरजी प्रयोगकर्ता एक करोड १५ लाख ५० हजार एक सय ८१ पुगेका छन्। एनसेलका फोरजी प्रयोगकर्ता ६८ लाख १९ हजार ६ सय २३ पुगेका छन् भने स्मार्ट टेलिकमका एक लाख १४ हजार दुई सय ९० रहेको प्राधिकरणको तथ्यांक छ।

■ दूरसञ्चार पूर्वाधारको तयारी

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी नेपाल दूरसञ्चार प्राधिकरणले विभिन्न परियोजना सञ्चालनमा ल्याएको छ। प्राधिकरणले ब्रोडब्यान्ड इन्टरनेट सेवा उपलब्ध गराउने परियोजना सम्पन्न भइसकेको जनाएको छ। प्राधिकरणले १८ वटा प्याकेज बनाएर ७५ जिल्लाहरूमा परियोजना सञ्चालन गरेको थियो। सम्पन्न भएका परियोजनाहरूमध्ये हालसम्म १० वटा परियोजनाको मनिटरिङ तथा भेरिफिकेसनको कार्य सम्पन्न भइसकेको जनाएको छ। त्यस्तै, आठवटा परियोजनाको तेस्रो चरणअन्तर्गतको मनिटरिङ तथा भेरिफिकेसनको कार्य बाँकी रहेको जनाएको छ।

प्राधिकरणको गत पुस महिनासम्मको तथ्यांकअनुसार स्थानीय निकाय, वडा कार्यालय, माध्यमिक विद्यालय र स्वास्थ्य संस्था गरी कुल १६ हजार दुई सय आठ स्थानमा इन्टरनेट जडान गरिसकेको छ। जसमध्ये सात सय आठवटा स्थानीय निकायको कार्यालय, पाँच हजार नौ सय ३३ वडा कार्यालय, पाँच हजार तीन सय १८ माध्यमिक विद्यालय र चार हजार दुई सय ४९ वटा स्वास्थ्य संस्थामा इन्टरनेट जडान गरिएको तथ्यांक सार्वजनिक गरेको छ।

त्यस्तै, प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषको परिचालन गरी मध्यमहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग परियोजना सञ्चालन गरेको छ। यो परियोजनालाई तीनवटा प्याकेजमा विभाजन गरेको छ।

पहिलो प्याकेजका लागि प्राधिकरणले नेपाल दूरसञ्चार कम्पनीसँग सम्झौता गरेको छ। दुई वर्षभित्रमा कार्य सम्पन्न गर्ने गरिएको सो प्याकेजअन्तर्गत हालसम्म एक हजार तीन सय २६ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्य सम्पन्न भएको प्राधिकरणले जनाएको छ। त्यस्तै, २७ वटा डिडब्लुडिएम सिस्टमहरूको जडान भई क्लस्टर एकको सम्पूर्ण १३ साइटहरूको माइग्रेसन सम्पन्न भइसकेको छ। क्लस्टर दुईको १३ मध्ये १२ साइटहरूको कमिसनिङको कार्य सम्पन्न भइसकेको छ। फिदिम-ताप्लेजुङ खण्डका लागि सम्झौता संशोधनको दस्तावेज तयार भई हस्ताक्षरको प्रक्रियामा रहेको छ। पहिलो प्याकेजअन्तर्गत प्रदेश नम्बर १, दुई र बागमती प्रदेश परेका छन्।

प्याकेज दुईका लागि प्राधिकरणले युनाइटेड टेलिकमसँग दुई वर्षमा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो। तर, सम्झौताबमोजिम कार्यको प्रगति शून्य भएपछि अयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त हुन सकेन। तसर्थ, प्राधिकरणले कम्पनीसँग सम्झौता थप नगर्ने निर्णय गरेको थियो। तर, सो निर्णय बदर गर्नका लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको र सो विषयमा सर्वोच्च अदालतबाट टुंगो नलागेसम्म अवधि थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश भएको छ। प्योकज दुईमा गण्डकी प्रदेश र लुम्बिनी प्रदेश परेका छन्।

तीन नम्बर प्याकेजका लागि प्राधिकरणले नेपाल दूरसञ्चार कम्पनीसँग नै सम्झौता गरेको छ। हालसम्म तीन सय ३० किलोमिटर एडिएसएस जडान कार्य सम्पन्न भएको प्राधिकरणले जनाएको छ। यो प्याकेजअन्तर्गत कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश परेका छन्।

त्यस्तै, कोष परिचालन गरी सञ्चालित परियोजनाहरूमध्ये भूकम्पबाट अतिप्रभावित काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुंगाका सबै स्थानीय तहका कार्यालयहरू, वडा कार्यालयहरू, सामुदायिक माध्यमिक विद्यालयहरू, सामुदायिक स्वास्थ्य संस्थाहरूमध्ये एक हजार चार सय ५१ मा २० एमबिपिएस क्षमताको इन्टरनेट जडान भइसकेको छ। ७३ पालिकाका दुई सय ५१ स्थानहरूमा क्षमता अभिवृद्धि गर्न सम्झौता भइसकेको छ।

दूरसञ्चारको विकासमा आइएसपीको ठूलो योगदान छ



■ लक्ष्मण यादव
निर्देशक, वर्ल्डलिंक कम्युनिकेसन

नेपालको दूरसञ्चार क्षेत्रको विकासमा निजी क्षेत्रका इन्टरनेट सर्भिस प्रोभाइडर (आइएसपी) को ठूलो योगदान छ। हामीले विश्व बजारमा विकसित नयाँ-नयाँ प्रविधि भित्र्याएर सेवा दिइरहेका छौं। त्यो प्रविधिको प्रयोग गरेर वर्ल्डक्लास इन्टरनेटको पहुँच पुऱ्याइरहेका छौं।

सरकारको मात्रै पहलकदमीले अहिलेको अवस्थामा पुगिने पक्कै थिएन। यसमा निजी अपरेटरको ठूलो भूमिका छ। अहिले देशको दूरदराजका मान्छेले पनि राम्रो इन्टरनेटको सुविधा लिन पाएका छन्। अनलाइन क्लास, मोबाइल बैंकिङ, अनलाइन सेवा गाउँ-गाउँसम्म पुग्नुमा पनि आइएसपीको ठूलो भूमिका छ। यदि गाउँ-गाउँसम्म इन्टरनेट पुग्दैनथ्यो भने त्यो सम्भव हुँदैनथ्यो। सहरी भेगमा पनि गुणस्तरीय इन्टरनेट सेवा दिन आइएपीको भूमिका ठूलो छ। ग्राहकलाई उच्चस्तरको इन्टरनेट सेवा दिन निजी अपरेटरबीच प्रतिस्पर्धा छ। त्यसको लाभ ग्राहकले लिइरहनुभएको छ। सहज इन्टरनेट पहुँचकै कारण बैंकिङदेखि सरकारी सेवासमेत अनलाइन प्रणालीमा गइरहेको छ।

अब इन्टरनेट लक्जरी विषय रहेन, आवश्यकता भइसक्यो। सरकारले नै इन्टरनेट सेवालाई अत्यावश्यक सेवाको सूचीमा राखेको छ। इन्टरनेटका कारण सिंगो विश्व साँघुरो भइसकेको छ। टिभी पनि सहरदेखि गाउँसम्म अनलाइन च्यानलबाट हेर्न पाइन्छ, त्यो पनि उच्च गुणस्तरमा। अनलाइन न्युज पोर्टल र अनलाइन टिभी च्यानलको विकास हुनुमा पनि इन्टरनेट सेवाप्रदायककै भूमिका छ। अहिले मोबाइल वा कम्प्युटरमा एक क्लिक गरेकै भरमा तुरुन्तै विश्वभरको समाचार हेर्न र पढ्न पाइन्छ।

सरकारको डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनमा पनि इन्टरनेट सेवाप्रदायकको ठूलो भूमिका छ। सरकारले इन्टरनेट सेवालाई अतिआवश्यक सेवामा सूचीकृत गर्नुले पनि आजको दुनियाँमा इन्टरनेट कति आवश्यक छ भनेर प्रस्ट पार्छ। यदि निजी अपरेटर हुँदैनथे भने इन्टरनेट सेवा र डिजिटल प्रणालीमा यो लेबलमा फड्को मार्ने सम्भावना थिएन। निजी अपरेटरहरूले दूरदराजसम्म इन्टरनेट सेवा पुऱ्याउन पूर्वाधारमा ठूलो लगानी गरेका छन्।

नेपाल दूरसञ्चार प्राधिकरण (एनटिए)ले पनि इन्टरनेट सेवा विस्तारका लागि राम्रै सहयोग गरिरहेको छ। नयाँ प्रविधि प्रयोग गर्नका लागि चाहिने विनियमावली बनाइदिएको छ। एनटिएले अपरेटरलाई दिनुपर्ने सबै सुविधा र प्रोत्साहन दिइरहेको छ।

इन्टरनेट बजारमा वर्ल्डलिंकले ३५ देखि ४० प्रतिशत हिस्सा ओगटेको छ। सात लाख ५० हजारभन्दा धेरै घरधुरीमा वर्ल्डलिंकको इन्टरनेट पुगेको छ। वर्ल्डलिंकको नेटवर्क ७५ जिल्लामा पुगिसकेको छ। अहिले इन्टरनेटमा धेरै कर छ। त्यो कर घटाउन सकेमा इन्टरनेट सेवा आफै सस्तो भइहाल्छ। अहिले इन्टरनेटमा ४० प्रतिशतभन्दा बढी कर छ। सरकारले कम्तिमा दुर्गम क्षेत्रमा इन्टरनेट सेवाको पहुँच विस्तार गर्न कर घटाउनुपर्छ। जसले दुरदराजमा बसोबास गर्ने मान्छेले पनि इन्टरनेट सेवा प्रयोग गर्न सक्छन्।

सस्तोमा इनोभेटिभ सेवा दिनु नै पहिलो प्राथमिकता



■ करुनेश गुप्ता
प्रडक्ट हेड, सिजी नेट

नेपाली इन्टरनेट बजारमा सिजी नेट नयाँ कम्पनी हो। सिजी नेट सञ्चालनमा आएको डेढ वर्ष मात्रै भएको छ। तर, यसबीचमा हाम्रो सेवा विस्तार भने द्रुत गतिमा भएको छ। समग्रमा सिजी नेट च्यापिड्ली ग्रोइङ कम्पनी हो। सोहीअनुसार बजारमा हाम्रो हिस्सा पनि बढ्दै गएको छ।

यसबीचमा कम्पनीले आमग्राहकलाई सस्तो (एफोर्टेबल)मा इन्टरनेट सेवा (प्रडक्ट)हरू दिइरहेको छ। साथै, इनोभेटिभ प्रडक्ट पनि ल्याइरहेको छ। यसका अलाबा ग्राहकलाई राम्रो सेवा दिन पनि कम्पनी डेडिकेटेड भएर लागेको छ। आमग्राहकलाई सबैभन्दा राम्रो इन्टरनेट सेवा दिने कम्पनीमा सिजी नेट अग्रस्थानमा छ।

यद्यपि, हामी भौगोलिक रूपमा अझै विस्तार हुन बाँकी नै छ। त्यसअनुसार अबको हाम्रो पहिलो योजना नै कम्पनीको सेवालाई भौगोलिक रूपमा विस्तार गर्ने हो। त्यसपछि इनोभेटिभ प्रडक्ट ल्याउने कामलाई प्राथमिकतामा राख्नेछौं। यद्यपि, अहिले पनि कम्पनीले इनोभेटिभ प्रडक्ट ल्याइरहेको छ। सिजी नेटले हालै सार्वजनिक गरेको पोस्पेड इन्टरनेट सेवा नेपालमै पहिलोपटक हो, जुन सेवा सिजी नेटले मात्रै दिएको छ। आगामी दिनमा पनि यस्तै इनोभेटिभ प्रडक्ट ल्याउने हाम्रो योजना छ। समग्रमा ग्राहकलाई सस्तोमा इनोभेटिभ सेवा दिनु नै हाम्रो पहिलो प्राथमिकता हो।

दूरसञ्चार प्राधिकरण २५औं वर्षमा

नेपाल दूरसञ्चार प्राधिकरण
Nepal Telecommunications Authority

नेपाल दूरसञ्चार प्राधिकरण २५ वर्षमा प्रवेश गरेको छ। २० फागुन ०५४ मा स्थापना भएको प्राधिकरणले शनिबार आफ्नो रजत जयन्ती मनाउँदै छ।

सरकारले नेपालको दूरसञ्चार क्षेत्रमा स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानीलाई प्रवर्द्धन गरी दूरसञ्चार सेवाको विकास एवं विस्तार गर्दै सेवालाई सर्वसुलभ र भरपर्दो बनाउने मुख्य उद्देश्यका साथ दूरसञ्चार ऐन, २०५३ र नियमावली, २०५४ ल्याएको थियो। सोही ऐन र नियमावलीले व्यवस्था गरेअनुसार समग्र दूरसञ्चार क्षेत्रको नियामक निकायका रूपमा २५ वर्षअघि नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको अध्यक्ष पुरुषोत्तम खनालले बताए। 'हामी दूरसञ्चार प्राधिकरणको रजत जयन्ती मनाउँदै छौं,' उनले भने, 'यसलाई प्राधिकरणको रजत जयन्ती मात्रै होइन, समग्र दूरसञ्चार विकासको प्रस्थान बिन्दुको जयन्तीका रूपमा मनाउन सकिन्छ।'

'नेपाल दूरसञ्चार ऐन, २०५३' र नियमावली २०५४ लाई नै नेपालको दूरसञ्चार क्षेत्रको विकासको सुरुवात बिन्दु भएको खनाल बताउँछन्। 'सोही ऐनले निजी क्षेत्रको लगानी तथा सीपलाई खुला गऱ्यो, प्रतिस्पर्धा बढायो,' उनले भने, 'अनि क्रमशः दूरसञ्चार विकास हुँदै गयो। दूरसञ्चारले आफूलाई मात्रै विकास गराएको छैन, अर्थतन्त्रका सबै क्षेत्रको विकासमा समेत महत्त्वपूर्ण योगदान गर्दै आएको छ।'

प्राधिकरणको गत वर्षको वार्षिक प्रतिवेदनअनुसार हाल नेपालमा पाँचवटा भ्वाइस सेवाप्रदायक, २२ वटा नेटवर्क सेवाप्रदायक, एक सय ३७ वटा इन्टरनेट सेवाप्रदायक, दुईवटा जिएमपिसिएस र एउटा इन्टरनेसनल ट्रंक टेलिफोन सेवाप्रदायकले अनुमति प्राप्त गरी सञ्चालनमा रहेका छन्।





रियलविरुद्ध बार्सिलोना विजयी

म्याड्रिड/ बार्सिलोनाले कोपा डेल रे फुटबलको सेमिफाइनलको पहिलो लेगमा रियल म्याड्रिडलाई १-० ले हराएको छ। इडर मिलिटाओले आत्मघाती गोल गरेपछि घरेलु सान्टियागो बेर्नाबाउमै रियल पराजित भएको हो।

खेलमा बल पोसेसन र आक्रमणमा भने रियल अघि थियो। युरोपा लिगमा म्यानचेस्टर युनाइटेड र ला-लिगामा अल्मेरियासँग पराजित भएको बार्सिलोनालाई यो जितले ठूलो राहत मिलेको छ।

२६औँ मिनेटमा इडरले आत्मघाती गोल गरेपछि खेलमा अग्रता बनाएको बार्सिलोना अधिकांश समय रक्षात्मक देखिएको थियो। दोस्रो लेग खेल अब ५ अप्रिलमा क्याम्प नोउमा हुनेछ। बार्सिलोनाका मुख्य स्ट्राइकरद्वय रोबर्ट लेवान्डोस्की र उस्माने डेम्बेले घाइते भएका कारण यस खेलमा टिममा थिएनन्।



बार्सिलोनाका प्रशिक्षक जाभीले आफ्ना खेलाडीहरूको प्रदर्शनबाट खुसी भएको बताए। 'विपक्षीको पोस्टतर्फ हामीले धेरै बल खेलाउन नसकेको सत्य हो। तर, रक्षात्मक रूपमा हामी राम्रो देखिर्यौं। उनीहरू (रियल)ले बल पोसेसनमा राखे पनि स्पष्ट अवसर सिर्जना गर्न सकेनन्। तर, हामीले बाँकी खेलमा प्रदर्शन सुधार्न जरुरी छ,' उनले भने।

रियलका प्रशिक्षक कार्लो एन्सिलोट्टीले बार्सिलोनाको डिफेन्स चिर्न नसक्दा खेल हार्नुपरेको बताए। 'हामीले अधिकांश समय बल नियन्त्रणमा राख्यौं। तर, उनीहरूको डिफेन्स धेरै टाइट थियो, जसकारण हामी क्रस खेल्न बाध्य भयौं र यसमा उनीहरू निकै बलियो थिए,' उनले भने।

आसिफ र सन्दीपको कीर्तिमानी साझेदारीमा नेपाल विजयी



आसिफ शेख र सन्दीप लामिछानेले ७७ रनको साझेदारी गरेपछि आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ मा नेपालले पपुवा न्युगिनीलाई तीन विकेटले हरायो

नयाँ पत्रिका
काठमाडौं, १९ फागुन

आसिफ शेख र सन्दीप लामिछानेले ७७ रनको अविजित साझेदारी गरेपछि शुक्रबार नेपालले युएईमा जारी आइसिसी पुरुष क्रिकेट विश्वकप लिग २ मा पपुवा न्युगिनी (पिएनजी) लाई तीन विकेटले हराएको छ। यो जितसँगै नेपालको विश्वकप छनोट हुने सम्भावना पनि कायम छ। नेपालबाट आठौँ विकेटका लागि एकदिवसीय क्रिकेटमा बनेको यो उच्च साझेदारी हो। यसअघि आठौँ विकेटका लागि अलराउन्डर सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले स्कटल्यान्डविरुद्ध ५५ रनको योगदान गरेका थिए।

जितपछि नेपाल ३१ खेलबाट ३० अंकसहित छैटौँ स्थानमा यथावत् छ। एक अंक बढी भएको युएई पाँचौँ स्थानमा छ। यसअघि बिहीबार नेपाल आयोजक युएईसँग ६८ रनले पराजित भएको थियो। ३१ खेलबाट सात अंक जोडेको पिएनजी सातौँ स्थानमा छ। त्रिकोणात्मक शृंखलाको पहिलो खेलमा पनि नेपालले पिएनजीलाई चार विकेटले हराएको थियो। तालिकामा शीर्षमा रहेको स्कटल्यान्ड र दोस्रो स्थानमा रहेको ओमान विश्वकपका लागि छनोट भइसकेका छन्।

आसिफलाई सन्दीपको साथ

पिएनजीले प्रस्तुत गरेको एक सय ८० रनको लक्ष्य पछ्याएको नेपालको सुरुवात भने राम्रो थिएन। नेपालले एक सय पाँच रन बनाउँदासम्म सात विकेट गुमाइसकेको थियो। त्यसपछि आसिफ र सन्दीपले अविजित ७७ रनको साझेदारी गरेर नेपाललाई विजयी बनाए। नेपालका लागि आसिफले एक सय ३० बलमा दुई चौका र एक छक्काको मद्दतमा अविजित ८६ रन बनाए। आसिफ नै 'प्लेयर अफ दी म्याच' घोषित भए। त्यसैगरी, सन्दीप लामिछानेले ५० बलमा तीन चौकासहित अविजित ३५ रनको योगदान गरे। यसअघि कुशल मल्लले २३ रहन जोडेका थिए।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कुशल रोयल डकआउट

नेपालका ओपनर कुशल भुर्तेल रोयल डकआउट भए। त्यसैगरी, पूर्वकप्तान ज्ञानेन्द्र मल्लले ६, भीम सार्कीले आठ, कप्तान रोहितकुमार पौडेल र आरिफ शेखले समान एक, दीपेन्द्रसिंह ऐरी आठ रनमा आउट भए। पिएनजीका कप्तान असाद भालाले सर्वाधिक तीन विकेट लिएका थिए। यसैगरी, सिमो कामिया र सेसे बाउले समान दुई विकेट लिए।

नेपालको धारिलो बलिङ

नेपालका बलर र फिल्डरले पिएनजीलाई ठूलो स्कोर बनाउनबाट रोकेका थिए। टस जितेर पहिले ब्याटिङ रोजेको पिएनजीले ४९.२ ओभरमा सबै विकेट गुमाउँदै एक सय ७९ रनको योगफल तयार पारेको थियो। पिएनजीका टोनी उराले सर्वाधिक ३९ रन बनाए। उनलाई सोमपाल कामीले आफ्नै बलमा क्याचआउट गरे। त्यसैगरी, अर्का ओपनर पिप्लिन डोरिगोले २६ रनको योगदान गरे।

डोरिगोलाई सन्दीपले एलबिडब्लू धरापमा पारेका थिए। दुवैले पहिलो विकेटका लागि ४२ रनको साझेदारी गरेका थिए। हिरी हिरीले ३१, गौडी टोकाले १५, नोर्मन भानुआले १४ तथा सेसे बाउ र असाद भालाले समान ११ रन जोडे। युएईका तीन खेलाडी रनआउट भए।

नेपालका लागि सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले समान दुई विकेट लिए। सोमपाल र दीपेन्द्र दुवैले पूरा १० ओभर बलिङ गरेका थिए। त्यसैगरी, सन्दीप लामिछाने, करण केसी र कुशल मल्लले समान एक विकेट लिए।

सहिद स्मारक लिग सुरु
खुमलटारको सानदार डेब्यु



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

रमेश सुवदी/नयाँ पत्रिका
काठमाडौं, १९ फागुन

नवप्रवेशी खुमलटार युवा क्लबले सहिद स्मारक 'ए' डिभिजन लिगमा सानदार डेब्यु गरेको छ। शुक्रबार दशरथ रंगशालामा भएको उद्घाटन खेलमा खुमलटारले फ्रेन्ड्स क्लबलाई १-० ले पराजित गरेको हो। विदेशी खेलाडी मेसोके ओलोमोउले खुमलटारका लागि निर्णायक गोल गरे। जितसँगै खुलटारले तीन अंक जोड्यो। खुमलटारका सहायक प्रशिक्षक मदन सुब्बाले डेब्यु खेलमा उत्कृष्ट प्रदर्शन गर्न पाउँदा खुसी लागेको बताए। 'हामीले ए डिभिजन लिगको डेब्यु खेलमा राम्रो खेल्यौं। आगामी दिनमा अझै राम्रो प्रदर्शन हुनेछ,' मदनले भने। उनले दोस्रो हाफमा प्रदर्शन सुधार गर्दा जित निस्किएको बताए, 'पहिलो हाफको तुलनामा दोस्रो हाफमा सुधार गर्यौं। जसरी पनि जित्नुपर्ने थियो। त्यसमा सफल भयौं,' उनले भने। चोटका कारण खुमलटारका नियमित कप्तान रेजिन सुब्बा भने मैदान उत्रन पाएनन्। रेजिनले तीन खेल गुमाउने मदनले बताए। उनको साटो शुक्रबार जय गुरुङले कप्तानी गरे।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा पहिलो हाफ गोलरहित बराबरीमा समाप्त भएको थियो। आक्रामक बनेको खुमलटारबाट खेलको ८९औँ मिनेटमा मेसोकेले गोल गरे। मेसोकेले जय गुरुङको पासलाई सदुपयोग गरेका थिए। खुमलटारले फ्रेन्ड्सविरुद्ध पाँच खेलाडी मैदानमा उतारेको थियो। अग्रपंक्तिमा मेसोकेसँगै स्टेफन बिनोङ तथा विदेशी खेलाडीहरू थेओपिलुस अपो, अभिषेक बर्मा र सनविल डी कोस्टाले उत्कृष्ट खेलेका थिए।

फ्रेन्ड्सका प्रशिक्षक उर्जन श्रेष्ठले बल पोसेसनमा कमजोर भएको स्वीकार गरे। 'पहिलो खेल थियो। प्रदर्शन औसत रह्यो। तर, बल पोसेसनमा कमजोर देखियो,' श्रेष्ठले भने। उनले रक्षात्मक खेल्दा अन्तिम समयमा चुकेको बताए। 'हामीले रक्षात्मक खेल खेलेका थियौं। दुर्भाग्यवश, अन्तिममा गोल व्यहोर्न पुग्यौं। विदेशी हाबी हुँदा दबाबमा पर्‍यौं।'

मोक्षदाका संयम सर्वोत्कृष्ट खेलाडी

काठमाडौं/ आयोजक सैनिक आवासीय महाविद्यालयको 'ए' टोलीले १४औँ सिओएएस अन्तरस्कुल टी-२० रनिङ क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। सैनिक 'ए'ले मोक्षदालाई ४० रनले पराजित गर्‍यो। एक सय आठ रनको लक्ष्य पछ्याएको मोक्षदा १६.१ ओभरमा ६७ रनमा अलआउट भएको थियो। मोक्षदाका संयम नेपालले सार्वाधिक ३५ रन बनाएका थिए। सैनिकका पुजन भट्टराई र प्रत्युस आचार्यले सामान तीन विकेट लिए। यसअघि टस हारेर सुरुवाती ब्याटिङ गरेको सैनिकले निर्धारित २० ओभरमा एक सय सात रन बनाएको थियो। सैनिकमा निमिस श्रेष्ठले सर्वाधिक २० रन बनाए। मोक्षदाका सम्यम नेपाल र शार्दूल पोखेलले समान दुई विकेट लिए। प्रतियोगिताको उत्कृष्ट ब्याटर विवेक यादव, बेस्ट बलर कृतिश ज्ञवाली र प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मोक्षदाका सम्यम नेपाली घोषित भए।



खेल संक्षेप

लोयल्टी च्याम्पियन

काठमाडौं/ आयोजक लोयल्टी एकेडेमी ११औँ लोयल्टी कप अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगिताको च्याम्पियन बनेको छ। शुक्रबार मन्डिखाटारमा लोयल्टीले साबिक विजेता लिटल एन्जल्सलाई २-० ले हरायो। लिटिल एन्जल्स नवौँ संस्करणको पनि विजेता हो। लोयल्टीका लागि दुवै गोल वसन्त राउतले गरे। लिटिल एन्जल्सका स्मिथ राउत उत्कृष्ट खेलाडी घोषित भए। प्रतियोगिताभर आठ गोल गरेका लोयल्टीका साहिल राई सर्वाधिक स्कोरकर्ता बने। विद्या संस्कारका प्रहार केसी उत्कृष्ट गोलकिपर तथा लोयल्टीका शैलेश कर्माचार्य उत्कृष्ट प्रशिक्षक चुनिए। त्रिज्योतिले अनुशासित टिमको उपाधि हात पार्‍यो।

विमल ब्रान्ड एम्बासडर

काठमाडौं/ राष्ट्रिय फुटबल टोलीका स्ट्राइकर विमल घर्तीमगरलाई जिनियस आइबी वर्ल्ड स्कुलले स्पोर्टस् एम्बासडरमा नियुक्त गरेको छ। लुभुमा भएको कार्यक्रममा जिनियसका अध्यक्ष नवीनकुमार जोशी र विमलले एकवर्षे सम्झौतापत्रमा हस्ताक्षर गरे। जिनियसका शैक्षिक प्रमुख प्रदीप बज्राचार्यले विमललेजिनियसको फुटबल टोलीलाई प्रशिक्षण दिने, जिनियसको कार्यक्रममा सहभागी हुने, जिनियसको प्रवर्द्धनलगायतका कार्यमा सहयोग गर्ने सम्झौता भएको जानकारी गराए। कार्यक्रममा अध्यक्ष जोशीले आगामी वर्षमा पनि सम्झौतालाई निरन्तरता दिने योजना रहेको बताउँदै जिनियसमा आबद्ध भएको विमललाई धन्यवाद दिए। विमलले जिनियसको फुटबल जर्सी सार्वजनिक गर्नुका साथै जिनियसको छात्र-छात्रा टोलीलाई प्रशिक्षण दिएका थिए।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com